# प्रदेश विपद् व्यवस्थापन नीति

२०७६

तथा

# प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना

२०७६-२०८७


प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, नेपाल



फाल्गुण, २०७६

# प्रदेश विपद् व्यवस्थापन नीति

२०७६

**प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**बागमती प्रदेश**
**हेटौंडा, नेपाल**

फाल्गुण, २०७६

मन्त्री
आन्तरिक मामिला तथा कानून
बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।



## शुभकामना

विपद् व्यवस्थापनको समग्र चक्रलाई सम्बोधन गर्न प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को व्यवस्था बमोजिम बागमती प्रदेश विपद् व्यवस्थापन नीति, २०७६ र प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना २०७६-२०८७ प्रकाशन हुन लागेकोमा हर्षित तुल्याएको छ ।

विपद् व्यवस्थापनका बहुपक्षीय आयामहरुलाई दृष्टिगत गर्दै कुशल र दीर्घकालीन रुपमा विपद् जोखिम न्यूनीकरण, सशक्त र प्रभावकारी प्रतिकार्यका साथसाथै विपद् पश्चात पुनस्थापना र पुनर्निर्माण समेतको काम कारवाहीलाई व्यवस्थित र निर्देशित गर्ने हेतुले प्रदेश विपद् व्यवस्थापन नीति, २०७६ र प्रदेश बिपद् व्यवस्थापन रणनीतिक कार्ययोजना २०७६-२०८७ तर्जुमा गरिएको छ । विपद् व्यवस्थापन सम्बन्धी एकीकृत र समयानुकूल परिमार्जित नीति, नियम अनुरुप प्राथमिकता प्राप्त कार्यक्रमको तयारी र सञ्चालनतर्फ उन्मुख प्रादेशिक र स्थानीय तहका सरकारी निकाय, विकास साझेदार, गैरसरकारी क्षेत्र, निजी क्षेत्र समेतको लागि यो नीति तथा रणनीतिक कार्ययोजना उपयोगी हुनेछ ।

विपद् व्यवस्थापन कार्यलाई विशिष्टिकृत गर्दै आउँदा दिनहरुमा अझ बढी व्यावसायिक ढङ्गबाट कार्यसम्पादन गर्नकालागी प्रदेश विपद् व्यवस्थापन नीति, २०७६ र प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना २०७६-२०८७ ले यस क्षेत्रमा क्रियाशील संघ-संस्थाहरु समग्र जनशक्ति र आम जनसमुदायलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धमा महत्वपूर्ण दस्तावेज हुन सकोस भनी शुभकामना दिन चाहान्छु ।

२०७६ फागुन

शालिकराम जम्कट्टेल

फोन नं. ०५७ -५२७५११ Email.moial.bagamati@gmail.com

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल।

पत्र संख्याः
चलानी नं.:

# दुई शब्द

बागमती प्रदेशको भौगोलिक अवस्थिति तथा भूबनोट , अव्यवस्थित पूर्वाधार विकास र बढ्दो सहरीकरण जस्ता कारणबाट विभिन्न प्राकृतिक एवं गैरप्राकृतिक विपद्को सामना गर्नु परीरहेको छ । यस परिस्थितिलाई मध्यनजर गरी विपद् व्यवस्थापनको समग्र चक्रलाई सम्बोधन हुने प्रदेश सरकार बाट स्वीकृत गरिएको बागमती प्रदेश विपद् व्यवस्थापन नीति, २०७६ र प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना, २०७६-२०८७ को यो पुस्तिका प्रकाशन हुन लागेकोमा खुशी लागको छ ।

विपद् जोखिम न्यूनीकरणलाई बागमती प्रदेशको विकास निर्माण प्रक्रियामा मूलप्रवाहीकरण गर्दै विपद व्यवस्थापनका बहुपक्षीय आयामहरु कुशलतापूर्वक सम्बोधन गर्न दीर्घकालीन जोखिम न्यूनीकरण, सशक्त र प्रभावकारी प्रतिकार्य तथा पुनर्लाभका साथसाथै विपद् पश्चातको अझ राम्रो निर्माणका साथ पुनस्थापना र पुनर्निमाण समेतको काम कारबाहीलाई व्यवस्थित र निर्देशित गर्ने अभिप्रायका साथ यो बागमती प्रदेश विपद् व्यवस्थापन नीति, २०७६ र प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना २०७६-२०७८ तर्जुमा गरिएको छ । प्रादेशिक र स्थानीय स्तरका सरकारी निकाय, विकास साझेदार, गैरसरकारी क्षेत्रका साथै निजी क्षेत्र समेतको लागि यो रणनीतिक योजना बागमती प्रदेशको विपद व्यवस्थापनमा कोसे ढुङ्गो सावित हुने आशा गरेको छु । यस नीति र कार्य योजनाबाट आगामी दिनहरुमा प्रदेश र स्थानिय स्तरमा विपद् व्यवस्थापन कार्यलाई विशिष्टिकृत गर्दै अझ बढी व्यवसायिक ढङ्गबाट कार्य सम्पादन गर्नका लागि सरोकारवाला र आम जनसमुदायलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धी एकीकृत र स्पष्ट जानकारी दिनेछ र विपद् व्यवस्थापनको क्षेत्रमा अगाडि बढ्न सहयोग पुग्ने छ भन्ने विश्वास लिएको छु ।

यस नीति तथा रणनीतिक कार्ययोजना तयार गर्न योगदान पुर्याउनुहुने सम्पूर्ण निकायहरु लगायत सबै पक्षलाई धन्यवाद दिन चाहन्छु । साथै प्रदेश विपद् व्यवस्थापन नीति, २०७६ र प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना २०७६-२०७८ तर्जुमा तथा प्रकाशन कार्यमा प्राविधिक सहयोग गर्नुहुने संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमलाई धन्यवाद दिन चाहन्छु ।

२०७६ फागुन

विनोद प्रकाश सिंह
सचिव

फोन नं. ०५७-५२२८४१, ५२७५१२, ५२७५१४ फयाक्स ०५७-५२७५१५, Email.moial.bagamati@gmail.com

# विषयसूची


१. पृष्ठभूमि

२. दीर्घकालीन सोच

३. ध्येय

४. लक्ष्य

५. उद्देश्यहरू

६. रणनीति तथा नीति

७. नीति कार्यान्वयन

८. समन्वय, अनुगमन तथा मूल्याङ्कन

९. नीति पुनरावलोकन

# १. पृष्ठभूमि

बागमती प्रदेश भूकम्प, सडक दुर्घटना, बाढी, पहिरो, चट्याङ्ग, भूक्षय, आगलागी, हावाहुरी, महामारी आदि लगायतका विभिन्न प्रकोपको जोखिममा छ । २०७२ को भूकम्पमा यो नेपालको सबैभन्दा बढी प्रभावित प्रदेश हो जसमा यस प्रदेशका अधिकांश जिल्लाहरु प्रभावित भएका थिए । यस प्रदेशका १३ जिल्लाहरूमध्ये नौ जिल्ला पहिरोको उच्च जोखिममा छन् । यस प्रदेशका कमजोर चुरे पहाडहरु भूक्षय, पहिरो र तीव्र बाढीको जोखिममा छन् भने हिमाली जिल्लाहरू हिमताल विष्फोटन बाढीको जोखिममा छन् ।

यस प्रदेशको विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, पहिरो तथा भू-स्खलन, बाढी, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिबृष्टि, हावाहुरी, शीतलहर, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरू हुने गरेका छन् । त्यसै गरी यस प्रदेश सडक दुर्घटना, महामारी, अनिकाल,  कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु जस्ता विश्वव्यापीकरण हुनसक्ने महामारी, सर्पदंश, जनावर आतंक, खानी, हवाई, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैरप्राकृतिक प्रकोपबाट समेत प्रभावित छ । जनसंख्या बृद्धि, गरिबी, अव्यवस्थित शहरीकरण र जोखिम असंवेदनशील विकासका कार्यहरूले गर्दा विपद् सङ्कटासन्नतामा अझ बृद्धि भैरहेको छ ।

प्रदेश स्तरमा विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, विपद् पूर्वतयारी र प्रतिकार्य, विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन, स्थानीय विपद् व्यवस्थापन कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शाङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र

नियमन प्रदेशको कार्यक्षेत्रमा पर्दछ । प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरेको छ । यस सन्दर्भमा प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ र प्रदेश सरकारको पहिलो आवधिक योजना (आर्थिक वर्ष २०७६/२०७७ – २०८०/८१) आधार-पत्र महत्वपूर्ण कानूनी तथा नीतिगत आधार हुन् । साथै प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ ले व्यवस्था गरेका प्रदेश विपद् व्यवस्थापन निर्देशक समिति, कार्यकारी समिति, विशेषज्ञ समिति, प्रादेशिक आपत्कालीन कार्य संचालन केन्द्र नयाँ संस्थागत व्यवस्थाका रूपमा रहेका छन् ।

विपद् जोखिम न्यूनीकरणका लागि मूलतः सेण्डाइ कार्यढाँचा, दिगो विकासका लक्ष्यहरू, जलवायु परिर्वतन सम्बन्धी पेरिस सम्फौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्फौता, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ एंव प्रदेशको आवश्यकता अनुरुप विपद् जोखिम न्यूनीकरणका लागि प्रदेशको मूल नीति तर्जुमा गर्न आवश्यक भएको छ । २०७२ सालको गोरखा भूकम्प, २०७४ को बाढी र पहिरो तथा पछिल्ला अन्य विपद्का घटनाहरुको सिकाई र अनुभवहरू समेतलाई आधार लिई विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा नयाँ जोखिमको प्रभावकारी रोकथाम गरि विपद् जोखिमबाट सुरक्षित, जलवायु परिवर्तन अनुकुलित तथा विपद् उत्थानशील प्रदेशको निर्माण गर्न यस प्रदेश विपद् व्यवस्थापन नीति, २०७६ तयार गरिएको छ । यो नीति प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ५(क) बमोजिम प्रदेश विपद् व्यवस्थापन निर्देशक समितिबाट स्वीकृत भै मिति २०७६।११।१२ देखि लागु भएको छ ।

## २. दीर्घकालीन सोंच

विपद्बाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील प्रणाली र पूर्वाधार; प्रदेशको दिगो विकासको आधार ।

## ३. ध्येय

विपद्‌बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्य कमी गर्नु तथा तिनीहरूको उत्थानशीलता बृद्धि गर्नु यस नीतिको ध्येय हुनेछ ।

## ४. लक्ष्य

विपद्‌बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य रूपले कम गर्नु, जीविकोपार्जनका साधनहरूका साथै कृषि, उद्योग, सडक, संचार, खानेपानी तथा सरसफाईका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरू जस्ता महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपद्‌ले पुऱ्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरूको उत्थानशीलता बृद्धि गर्नु र विपद्‌बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्नु यस नीतिको लक्ष्य हुनेछ ।

## ५. उद्देश्यहरू

प्राकृतिक तथा गैरप्राकृतिक विपद्‌बाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा कम गर्नु यस नीतिको प्रमुख उद्देश्य रहेको छ । यस नीतिका अन्य उद्देश्यहरू देहाय बमोजिम हुनेछन् ।

५.१. विपद् जोखिमको बुझाई अभिबृद्धि गर्ने तथा सबै तह र बर्गमा विपद् जोखिम सम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्ने ।

५.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण गर्ने ।

५.३. विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापहरूसँग एकीकरण गर्दै समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

५.४. विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी बृद्धि गरि उत्थानशीलता अभिबृद्धि गर्ने ।

५.५. विपद् व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण तथा बहुप्रकोप पूर्व सूचना प्रणालीको विकास एवं विस्तार गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य लाई प्रभावकारी बनाउने ।

५.६. "अझ राम्रो र बलियो" अवधारण अनुरूप विपद् पश्चातको पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माण गर्ने ।

# ६. रणनीति तथा नीति

६.१ **रणनीति १. विपद् जोखिम बारे बुझाई अभिबृद्धि गर्ने**

यस रणनीति अन्तर्गत देहायका नीतिहरू अवलम्बन गरिनेछन् ।

६.१.१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी विषयलाई विद्यालयस्तर देखि उच्चस्तर सम्मको शैक्षिक पाठ्यक्रममा समावेश गरिनेछ ।

६.१.२. जनचेतनामूलक तथा सूचनामूलक कार्यक्रमहरू तयार गरी सूचना तथा संचारका माध्यमहरूको प्रभावकारी उपयोग मार्फत सबैमा पहुँच हुने गरी विपद् सम्वन्धी जानकारी, सचेतना र सिकाई समुदायस्तरसम्म अभिबृद्धि गरिनेछ ।

६.१.३. प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरूको नियमितरूपमा सूक्ष्म निगरानी र मापन गरि सार्वजनिक रूपमा उपलब्ध गराईनेछ ।

६.१.४. शिक्षा, स्वास्थ्य, पोषण, कृषि, उद्योग, पर्यटन, वन, बातावरण, उर्जा, आवास, यातायात, खानेपानी, सरसफाई लगायतका पूर्वाधार, ऐतिहासिक

तथा साँस्कृतिक सम्पदा, व्यापार व्यावसाय र समुदायमा विपद्बाट पर्नसक्ने जोखिम न्यूनीकरण गर्न विपद् जोखिम लेखाजोखा तथा नक्शाङ्कन गरी प्रचारप्रसार गरिनेछ ।

६.१.५. सडक दुर्घटनाका सम्भावित क्षेत्रहरूको पहिचान गरी जोखिम न्यूनीकरणका लागि सडक सुरक्षा कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

६.१.६. प्रदेश, जिल्ला र स्थानीय स्तरमा विपद् व्यवस्थापन सूचना प्रणाली (Disaster Management Information System) विकास गरी जनसाधारण तथा सरोकारवालाहरूलाई सहज रूपमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

६.१.७. विपद् जोखिमको अध्ययन तथा अनुसन्धानमा सरकारी निकायहरू, विकास साझेदार, निजी तथा गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, विश्व विद्यालय र अनुसन्धान केन्द्रहरू तथा अन्य सरोकारवालाहरू बीचको संलग्नता र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

## ६.२. रणनीति २. प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण गर्ने

यस रणनीति अन्तर्गत देहायका नीतिहरू अवलम्बन गरिनेछन् ।

६.२.१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि प्रदेश र स्थानीय तहमा आवश्यक संस्थागत संरचनाहरूको स्थापना, विकास र विस्तार गरी तिनीहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सरकारी निकायहरूको साँगठनिक संरचना पुनरावलोकन गरी सुदृढ गरिनेछ ।

६.२.२. समुदायस्तरको विपद् जोखिम न्यूनीकरणका लागि सिंचाई, नदी नियन्त्रण, वन व्यवस्थापन, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी तथा सरसफाइ लगायतका योजना तर्जुमा, कार्यान्वयन तथा व्यवस्थापनमा स्थानीय उपभोक्ता, सामुदायिक संस्था र जनसमुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

६.२.३. वहु प्रकोपीय जोखिम लेखाजोखाको आधारमा जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी व्यवस्थित एंव सुरक्षित वस्ती विकास कार्यलाई अगाडि वढाइनेछ । साथै असुरक्षित बस्तीहरूलाई सुरक्षित स्थानमा स्थान्तरण गर्ने नीति लिइनेछ ।

६.२.४. समग्र विकास प्रक्रियाहरूलाई बहुप्रकोप जोखिम संवेदनशीलताका आधारमा सम्भाव्य जोखिमको न्यूनीकरण हुने गरी कार्यान्वयन तथा व्यवस्थापन गरिनेछ ।

६.२.५. एकीकृत जलश्रोत व्यवस्थापनको सिद्धान्त अनुरूप नदी व्यवस्थापन र माथिल्लो तथा तल्लो तटीय क्षेत्रको अन्तरसम्बन्धलाई सम्बोधन गर्ने गरी भू तथा जलाधार संरक्षण सम्बन्धी गुरुयोजना बनाइ कार्यान्वयन गरिनेछ ।

६.२.६. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै चरण तथा संरचनामा समावेशी विपद् व्यवस्थापनको अवधारणा अनूरूप महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, आर्थिक तथा सामाजिक रूपले पछाडि परेका समुदायहरूको पहूँच, प्रतिनिधित्व तथा प्रभावकारी संलग्नता सुनिश्चित गरिनेछ ।

६.२.७. विपद् संवेदनशीलताको अवधारणा अनुरूप सार्वजनिक भौतिक संरचनाहरू (सरकारी कार्यालय, शैक्षिक संस्थाहरू, स्वास्थ्य संस्थाहरू, सामुदायिक भवनहरू, आश्रयस्थल आदि) लाई जेष्ठ नागरिक मैत्री, लैंगिक मैत्री, अपाङ्गतामैत्री एवं बालमैत्री बनाइनेछ ।

६.२.८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्वयंसेवक परिचालनको लागि संस्थागत व्यवस्था गरिनेछ । साथै राजनीतिक दल र भातृ संगठनका सदस्यहरूलाई समेत स्वयंसेवकको रूपमा परिचालन गर्न सकिने व्यवस्था मिलाईनेछ ।

६.२.९. भूकम्प, बाढी, पहिरो, चट्याङ्, हावाहुरी, आगलागी जस्ता विपद् जोखिमबाट सुरक्षित भवन निर्माण कार्यलाई प्रोत्साहन गर्ने भवन संहिता र स्थानीय मापदण्डलाई समय सापेक्ष परिमार्जन गरी लागू गरिनेछ ।

६.२.१०. विकास निर्माणका भौतिक पूर्वाधारहरू सम्बन्धी परियोजनाहरू तर्जुमा, डिजाईन, निर्माण र व्यवस्थापनमा विपद् जोखिम तथा जलवायु परिवर्तनको प्रभाव सम्बन्धी अध्ययन गरी जोखिम सुरक्षित, विपद् उत्थानशील तथा जलवायु परिवर्तन अनुकूलित पूर्वाधार विकास गर्ने नीति लिइनेछ ।

६.२.११. सुरक्षित समाजको निर्माणका लागि विपद् सुरक्षित संस्कृति (Culture of Safety) प्रवर्द्धन र अवलम्बन गरिनेछ ।

६.२.१२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको प्रभावकारी रूपमा अनुगमन तथा मूल्याङ्कन गर्न समावेशी संयन्त्र स्थापना गरिनेछ ।

६.२.१३. प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण सञ्जाल (Disaster Risk Reduction Platform) स्थापना गरिनेछ ।

६.२.१४. प्रदेश स्तरका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यहरू गर्दा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समिति सँग सहकार्य तथा समन्वय गरिनेछ ।

६.२.१५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरूलाई प्रभावकारी बनाउन जवाफदेहीता, पारदर्शीता र उच्च गुणस्तरता सुनिश्चित गरिनेछ ।

## ६.३. रणनीति ३. विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन गर्ने

यस रणनीति अन्तर्गत देहायका नीतिहरू अवलम्बन गरिनेछन् ।

६.३.१. प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि वार्षिक रुपमा निश्चित प्रतिशत बजेट विनियोजन गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६.३.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा निजी क्षेत्र र समुदायको संलग्नतालाई प्रोत्साहित गरिनेछ ।

६.३.३. जीविकोपार्जनका उपायहरूलाई विविधीकरण गरी विपद् उत्थानशील समुदाय निर्माण गरिनेछ । समुदायको विपद् उत्थानशील क्षमता अभिबृद्धिका लागि सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

६.३.४. बाढी, डुवान र खडेरी प्रतिरोधी तथा जलवायु परिवर्तन अनुकूलित कृषि प्रणालीको विकास गरिनेछ ।

६.३.५. विपद् जोखिम न्यूनिकरणमा निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, विकास साझेदार, दातृ संस्था आदिको लगानी प्रवर्द्धन गरिनेछ ।

६.३.६. समुदायस्तरको विपद् जोखिम न्यूनीकरणमा सामुदायिक तथा सहकारी संस्थाहरूको लगानीलाई प्रोत्साहन गरिनेछ ।

६.३.७. संकट उन्मुख समुदायको जोखिम हिस्सेदारी तथा हस्तान्तरणका लागि कृषि, पशुपंक्षी तथा व्यापार व्यवसायमा बीमा गराउने कार्यलाई प्रोत्साहन गरी सहज पहुँचको व्यवस्था मिलाइनेछ । साथै बैंक तथा बित्तीय सँस्थाहरू मार्फत विपद् प्रभावित समुदायलाई सहुलियत कर्जाको व्यवस्था गरिनेछ ।

६.३.८. विपद् प्रतिकार्य र विपद् पश्चातको पुनर्लाभ तथा पुनर्निर्माणमा समेत सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई समाहित गरी सञ्चालन गरिनेछ ।

६.३.९. विपद्का कारण हुन सक्ने क्षतिको क्षतिपूर्तिका लागि निजी, सरकारी तथा सामुदायिक भवन, शैक्षिक तथा स्वास्थ्य सम्बन्धी संरचनाहरू, खानेपानी लगायतका अन्य भौतिक संरचनाहरूको अनिवार्य बीमा गर्न प्रोत्साहन गरिनेछ ।

६.३.१०. प्रदेश, जिल्ला र स्थानीय तहमा कानून बमोजिम विपद् व्यवस्थापन कोषको स्थापना गरी श्रोत परिचालन गरिनेछ ।

६.३.११. विपद् जोखिम न्यूनीकरण कार्यलाई विकासमूलक क्रियाकलापहरू सँग एकीकरण तथा मूलप्रवाहीकरण गरिनेछ ।

**६.४. रणनीति ४. प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण गर्ने**

यस रणनीति अन्तर्गत देहायका नीतिहरू अवलम्बन गरिनेछन् ।

६.४.१. प्रदेश, जिल्ला र स्थानीय तहमा बाढी, पहिरो, खडेरी, चट्याङ्, हावाहुरी, तातो हावाको लहर, शीतलहर, वन डढेलो, आगलागी, महामारी, हिमताल विस्फोटन लगायतका प्रकोपहरूको नियमित रूपमा अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विकास गरी पूर्वानुमानको आधारमा पूर्वतयारी तथा प्रतिकार्य योजनाहरू (Forecast Based Preparedness and Response Plans) बनाई लागु गरिनेछ ।

६.४.२. स्थानीय ज्ञान, सीप, श्रोत र साधनको महत्तम् उपयोग गर्दै समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् ।

६.४.३. विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्रियाकलापहरूको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्रहरूको संगठनात्मक, संस्थागत तथा सञ्चालनात्मक क्षमता विकास गरी घटना नियन्त्रण पद्धति (Incident Command System) लाई कार्यान्वयन गरिनेछ ।

६.४.४. प्रदेश, जिल्ला र स्थानीय तहमा आकस्मिक योजना र विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ । साथै सरकारी, निजी तथा गैरसरकारी क्षेत्रहरूको व्यवसाय निरन्तरता योजना (Business Continuity Plan) बनाई कार्यान्वयन गरिनेछ ।

६.४.५. प्रदेश, जिल्ला र स्थानीय स्तरमा खोज तथा उद्धार टोलीको गठन, क्षमता विकास र बिस्तार गरिनेछ ।

६.४.६. शैक्षिक संस्था, अस्पताल तथा आश्रय स्थलहरूको स्तरोन्नती गरी आपत्कालीन अवस्थामा समुचित उपयोग गर्न मिल्ने व्यवस्था गरिनेछ ।

६.४.७. विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि खुल्ला क्षेत्रको पहिचान, विकास र व्यवस्थापन गर्नुका साथै संकट उन्मुख क्षेत्रमा पहुँचयुक्त एवं सुरक्षित आश्रय स्थलहरू निर्माण गरिनेछ । साथै विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन मानवीय सहायता स्थल एवं बन्दोवस्ती स्थलको स्थापना, विकास र विस्तार गरिनेछ ।

६.४.८. प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन आपत्कालीन भण्डारण गृहको स्थापना, विकास र विस्तार गरी आवश्यक पर्ने उद्धार तथा राहत सामाग्रीको भण्डारण गरिनेछ ।

६.४.९. विपद्को समयमा राहत वितरणका लागि एकीकृत मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

६.४.१०. ठुला विपद्को समयमा प्राप्त हुने अर्न्तर्राष्ट्रिय मानवीय सहायता सामग्रीहरूको सहज आपूर्तिका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

६.४.११. प्रदेशका प्रमुख शहरहरूमा घाईते हेरचाह केन्द्रहरू (Trauma Care Centres) स्थापना गरी सञ्चालन गरिनेछ ।

६.४.१२. प्रदेश, जिल्ला र स्थानीय स्तरमा विपद्को समयमा परिचालित हुने स्वयंमसेवकहरूको क्षमता विकास गरिनेछ ।

६.४.१३. विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न "अझ राम्रो, बलियो र सुरक्षित बनाऔं" भन्ने अवधारणालाई प्रोत्साहन गरिनेछ ।

६.४.१४. विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि आधुनिक सूचना प्रविधिमा आधारित सूचना तथा संचार प्रणाली (Web-based System, Mobile Apps, Short Message Service-Cell Broadcast, Interactive Voice Response, Emergency tele communication centers) लाई प्रोत्साहन गरिनेछ ।

६.४.१५. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा संघ, प्रदेश, जिल्ला तथा स्थानीय तहबीच समन्वय, सहयोग र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

## ७. नीति कार्यान्वयन

यस नीति कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरू अवलम्बन गरिनेछन् ।

७.१. यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजनाका साथै आवधिक, वार्षिक तथा आकस्मिक योजना तर्जुमा गरी लागू गरिनेछ ।

७.२. प्रदेश अन्तर्गतका विषयगत मन्त्रालय, सार्वजनिक निकायहरू, विकासका साझेदार तथा नीजि क्षेत्रको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनका रूपमा लिइनेछ ।

७.३. स्थानीय सरकारका आवधिक तथा बार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनका रूपमा लिइनेछ ।

७.४. यस नीतिको कार्यान्वयनका लागि प्रदेश, जिल्ला र स्थानीय तहमा आवश्यक वजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

७.५. यस नीति कार्यान्वयन तथा व्यवस्थापन पद्धतीमा सुधार गर्नका लागि सम्बन्धित प्रदेश सरकार अन्तर्गतका विषयगत मन्त्रालय तथा विभागहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यकता अनुसार पुनः संरचना गरिनेछ ।

७.६. यस नीति कार्यान्वयनको लागि आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ ।

## ८. समन्वय, अनुगमन तथा मूल्याङ्कन

८.१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कार्यहरूको प्रभावकारी कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहमा सरकारी, निजी, गैर सरकारी संस्था, रेडक्रस अभियानका अंगहरू, राजनीतिक दलहरू तथा सरोकारवालाहरू बीच समन्वय र सहकार्य गरिनेछ ।

८.२. प्रदेश विपद् व्यवस्थापन निर्देशक समितिले प्रदेश स्तरमा यस नीति कार्यान्वयनको समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

८.३. विपद् जोखिम न्यूनीकरण कार्यले पुऱ्याएको योगदानको अनुगमन गर्दा क्षति हुनबाट जोगिएको जनधनको विवरण, जोखिम न्यूनीकरण तथा नियन्त्रणका लागि निर्माण गरिएका भौतिक संरचनाहरूबाट पुग्न गएको सुविधा र प्रतिफल, प्रभावित समुदायको उत्थानशीलतामा आएको परिवर्तन आदिलाई ध्यान दिइनेछ ।

८.४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धि सम्पूर्ण विवरण बार्षिक रुपमा अद्यावधिक गरी "**प्रदेश विपद् प्रतिवेदन**" प्रकाशन गरिनेछ ।

## ९. नीति पुनरावलोकन

यस नीतिलाई आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ ।

# प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना

२०७६-२०८७

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, नेपाल

फाल्गुण, २०७६

# विषयसूची

**अध्याय १ : पृष्ठभूमि**
१.१ विपद् जोखिमको अवस्था
१.१.१ सडक दुर्घटना
१.१.२ भूकम्प
१.१.३ चट्याङ्ग
१.१.४ पहिरो र भूक्षय
१.१.५ बाढी
१.१.६ आगलागी
१.१.७ भारी वर्षा
१.१.८ हिमपात तथा हिमपहिरो
१.२ संकटउन्मुखता र सम्मुखता
१.३ विद्यमान कानूनी तथा नीतिगत व्यवस्था
१.४ रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया

**अध्याय २ : विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना**
२.१ परिचय
२.२ मार्गदर्शक सिद्धान्त
२.३ दीर्घकालीन सोच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य
२.४ रणनीतिक क्षेत्रहरू

**अध्याय ३ : रणनीतिक क्षेत्र १ – विपद् जोखिम बारे बुझाई**
३.१ प्रमुख प्रकोपहरूको जोखिम आँकलन
३.२ प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह
३.३ विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

**अध्याय ४ : रणनीतिक क्षेत्र २ - प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण**......

४.१ संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण......

४.२ कानूनी र नियामक संरचनाको निर्माण......

४.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी......

४.४ विपद् जोखिम न्यूनीकरणमा समावेशीताको सुनिश्चितता......

**अध्याय ५ : रणनीतिक क्षेत्र ३ - विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन**......

५.१ उत्थानशीलता बृद्धिमा सार्वजनिक लगानी प्रवर्धन......

५.२ विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्धन......

५.३ जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि......

**अध्याय ६ : रणनीतिक क्षेत्र ४ - प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुर्ननिर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण**......

६.१ प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण......

६.२ विपद् पूर्वतयारीको लागि बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास......

६.३ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्धन......

६.४ पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा 'अझ राम्रो र बलियो निर्माण' अवधारणा प्रवर्धन......

**अध्याय ७ : रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था**......

**अध्याय ८ : रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन**......

अध्याय १

# पृष्ठभूमि

# पृष्ठभूमि

## १.१ विपद् जोखिमको अवस्था

नेपालको केन्द्रिय भागमा रहेको बागमती प्रदेशका १३ जिल्ला र ११९ वटा स्थानीय तहहरूमा करीब ५५ लाख मानिस बसोबास गर्छन् जुन राष्ट्रिय जनसंख्याको २०.८७ प्रतिशत हो । यस प्रदेशको क्षेत्रफल २०,३०० वर्ग किलोमिटर छ जुन पुरै देशको क्षेत्रफलको १३.७९ प्रतिशत हुन्छ । यस प्रदेशको उत्तरमा ७,२२७ मिटर उचाई सम्मका विशाल हिमालय पर्वत श्रृंखलादेखि दक्षिणमा १४१ मिटर उचाईको समथर तराई पर्दछ जसको दूरी सरदर २०० किलोमिटर मात्र रहेको छ । यस्तो कम दूरी भित्र पनि विविध भौगोलिक स्थिति हुनाले यस प्रदेश प्राकृतिक विविधताको धनी भएता पनि यहाँका बासिन्दाहरूले विभिन्न प्रकारका खतरनाक प्रकोपहरूको सामना गर्नु परिरहेको छ । यस प्रदेशलाई हिमाल, पहाड र भित्री मधेश गरी ३ वटा पर्यावरणीय क्षेत्रहरूमा विभाजन गर्न सकिन्छ । यस प्रदेशको करीब २३ प्रतिशत भूभाग कमजोर चुरे क्षेत्रमा पर्दछ । चुरे क्षेत्रमा वर्षेनी भूक्षय, पहिरो र तीव्र बाढी हुने गर्दछ । कोशी, बागमती, कमला र नारायणी यस प्रदेशका प्रमुख नदीहरू हुन् । यी नदीहरूले वर्षेनी मनसूनको समयमा बाढी र कटानको समस्या निम्त्याउँछन् ।

यस प्रदेश विभिन्न प्रकारका विपद्हरूको जोखिममा रहेकोले हरेक वर्ष विपद्का घटनाहरु हुने गर्दछन्, परिणामस्वरूप भौतिक संरचना तथा मानवीय क्षति हुन्छ र जीविकोपार्जनमा समेत असर पर्छ । पछिल्लो ४८ वर्ष (सन् १९७१ देखि २०१८) को अवधिमा बागमती प्रदेशमा १५,००० भन्दा बढी व्यक्तिहरूले विपद्का कारण आफ्नो ज्यान गुमाएका छन् । यो संख्या हरेक दिन १ जनाको ज्यान गए बराबर हो । उच्च मृत्यु दरको अलावा, उक्त अवधिमा ३५,००० भन्दा बढी व्यक्तिहरु घाइते भएका छन् भने लगभग ७,००,००० प्रभावित बनेका छन् ।

भौगर्भिक रूपमा गतिशील पर्वत श्रृखला, अस्थिर र अति भिरालो जमिन तथा कमजोर भौगोलिक बनावटका कारण मनसुनको समयमा यस प्रदेश भरि विभिन्न प्रकारका

भौगर्भिक तथा जलवायुजन्य प्रकोपहरु हुने गर्दछन् । बागमती प्रदेश भूकम्प, सडक दुर्घटना, बाढी, पहिरो, चट्याङ्ग, भूक्षय, आगलागी, महामारी आदि लगायतका विभिन्न प्रकोपको जोखिममा छ । २०७२ को भूकम्पमा यो नेपालको सबैभन्दा बढी प्रभावित प्रदेश हो जसमा यस प्रदेशका अधिकांश जिल्लाहरु प्रभावित भएका थिए । यस प्रदेशका १३ जिल्लाहरुमध्ये नौ जिल्ला पहिरोको उच्च जोखिममा छन् । यस प्रदेशको पहाडी भाग पहिरो र भूक्षयको जोखिममा छ भने चुरे क्षेत्र भूक्षय, पहिरो, तीव्र बाढी, खडेरी, आगलागी र महामारीको जोखिममा छ । हिमाली क्षेत्रमा हिमपहिरो र हिमताल विस्फोटन बाढीको खतरा छ । यस प्रदेशको पुरै भूभाग सक्रिय भूकम्पीय क्षेत्रमा पर्ने हुनाले पहाडी र हिमाली क्षेत्रका बस्तीहरु उच्च भूकम्पीय जोखिममा छन् । यी विपद् बाहेक, यस प्रदेशमा अन्य मानव सिर्जित विपद्का घटनाहरु पनि हुने गरेका छन् । यस प्रदेशमा विपद् निम्त्याउने मुख्य प्रकोपहरु यस प्रकार छन् ।

### १.१.१ सडक दुर्घटना

बढदो विकास प्रक्रिया सँगै बृद्धि हुँदै गईरहेको शहरीकरण र सडक सञ्जालको विस्तारले सडक दुर्घटनाहरू बर्षेनी बृद्धि हुँदै गईरहेका छन् । चालकको लापरवाही, मदिरा सेवन गरी गाडी चलाउनु, तीब्र गतिमा गाडी चलाउनु, पैदल यात्रुहरूको लापरवाही, अव्यवस्थित पार्किङ्ग, अव्यवस्थित सडक पार गर्ने प्रणाली, साँघुरो सडक, भिरालो सडक, खराब साईड ड्रेन, मोडहरूमा कमजोर दृश्यता आदि सडक दुर्घटनाका मुख्य कारणहरू हुन् ।

नेपालमा सडक दुर्घटनाका कारण प्रत्येक वर्ष २,००० भन्दा बढी मानिसले आफ्नो ज्यान गुमाउँछन् । अधिकांश सडक दुर्घटनाहरू तराई र काठमाण्डौ उपत्यकाका शहरी क्षेत्रमा भएका छन् । बागमती प्रदेशमा चितवन, धादिङ र काठमाण्डौ जिल्लाहरूमा सडक दुर्घटनाका कारण धेरै मानिसहरूको ज्यान गएको देखिन्छ ।

### १.१.२ भूकम्प

बागमती प्रदेश उच्च भूकम्पीय जोखिम क्षेत्रमा पर्दछ । २०७२ सालको गोरखा र दोलखामा केन्द्रबिन्दु भएको भूकम्पबाट अति प्रभावित १४ जिल्लाहरू मध्ये १२ जिल्लाहरू

यस प्रदेशका थिए । उक्त भूकम्पको कारण यस प्रदेशमा मात्रै ८,१६० जनाले ज्यान गुमाए । सिन्धुपाल्चोक जिल्ला सबैभन्दा बढी प्रभावित भएको थियो जसमा ३,५७३ जनाले ज्यान गुमाएका थिए । त्यसैगरी काठमाण्डौं जिल्लाका १,२३६ जना, नुवाकोट जिल्लाका १,११२ जना, रसुवा जिल्लाका ६८१ जना र धादिङ जिल्लाका ६८० जनाले ज्यान गुमाएका थिए ।

### १.१.३ चट्याङ्ग

पहाडी भूवनोट र पूर्वी पहाडी क्षेत्रको बंगालको खाडीसँगको निकटताले गर्दा नेपाल चट्याङ्गबाट प्रभावित छ । मनसुन पुर्व चैतदेखि जेठ सम्म सामान्यतया चट्याङ्ग पर्दछ । चुरे क्षेत्र र पहाडी भूभागहरू चट्याङ्गको बढी जोखिममा छन् किनकी चट्याङ्गले उच्च पहाडको जमीनमा पुग्न धेरै छोटो दूरीको यात्रा तय गर्नुपर्दछ । जलवायु परिवर्तनका कारण आँधीबेहरीको आवृत्ति र तीव्रतामा बृद्धिले गर्दा नेपालमा चट्याङ्गको जोखिम अझ बढ्ने सम्भावना छ ।

विगत केही बर्षको तथ्याङ्क हेर्दा नेपालमा बाढीबाट भन्दा चट्याङ्गबाट बढी मानिसहरू मरेको देखिन्छ । विगत १० वर्षमा बागमती प्रदेशमा चट्याङ्गबाट मात्रै २३१ जनाले ज्यान गुमाएको र ६२३ जना घाईते भएको देखिन्छ । बागमती प्रदेशमा मकवानपुर जिल्ला चट्याङ्गबाट सबैभन्दा प्रभावित जिल्ला हो जहाँ विगत ५ वर्षमा ५४ जनाले ज्यान गुमाएका र २४५ जना घाईते भएका थिए । सिन्धुली, काभ्रेपलाञ्चोक, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट र धादिङ्ग जिल्लाहरू पनि चट्याङ्गबाट धेरै नै प्रभावित छन् । पशुहरूको चट्याङ्गबाट हुने मृत्यु दर मानिसहरूको भन्दा उच्च छ । मानिसहरू भन्दा पशुहरू चट्याङ्गबाट मर्ने सम्भावना पाँच गुणा बढी हुन्छ ।

### १.१.४ पहिरो र भूक्षय

बागमती प्रदेश पहिरो र भूक्षयबाट पनि धेरै प्रभावित छ । चुरे र मध्य पहाडी क्षेत्रहरू पहिरोको उच्च जोखिममा छन् । बागमती प्रदेशका प्रायः सबै जिल्लाहरू विगतमा पहिरो र भूक्षयबाट प्रभावित भएका छन् । विगत १० वर्षमा यस प्रदेशमा पहिरोका कारण १७३ जनाले ज्यान गुमाएको र १८० जना घाईते भएको देखिन्छ । वि. सं. २०५० सालमा

बाढी र पहिरोको प्रकोपबाट यस प्रदेशमा ठूलो जनधनको क्षति  भएको थियो । त्रिभुवन, पृथ्वी, अरनिको र नारायणगढ-मुगलिङ राजमार्गहरु सहित यस प्रदेशको महत्वपूर्ण पहाडी राजमार्गहरूले नियमित रूपमा पहिरोको सामना गरीरहेका छन् । वि. सं. २०६० सालको श्रावणमा अत्यधिक वर्षाले नारायणगढ-मुगलिङ राजमार्गको ३६ किलोमिटर खण्डमा ७० भन्दा धेरै स्थानहरूमा पहिरो गएको थियो ।

### १.१.५ बाढी

सामान्यतया उच्च सघनतायुक्त वर्षा, धेरै दिनसम्म लगातार वर्षा, हिमताल विस्फोटन र भुस्खलनको कारण हुने बाँध विस्फोटनले नेपालमा बाढी आउँछ । बागमती प्रदेशको पहाडी क्षेत्र तीव्र बाढीबाट प्रभावित छ भने उपत्यका र भित्री मधेशका समतल भूभागहरू नदीको बाढीबाट प्रभावित छन् । बागमती, नारायणी र पूर्वी राप्ती नदीहरूमा बारम्बार बाढी आउँने र जनधनको नोक्सानी हुने गरेको अनुभव हामी सामु छ । पहाडी क्षेत्रदेखि अत्यधिक मात्रामा नदीले बगाएर ल्याएको थिग्रेनी तराईको समतल भूमिमा थुप्रिनुको कारणले गर्दा विशेषतः तराईमा प्रायः तटवर्ती क्षेत्रहरु बाढीले प्रभावित हुन्छन् । ग्रीष्मकालीन मनसुन अधिक सक्रिय बनेपछि आषाढ, श्रावण र भाद्रको मध्य अवधिमा सबभन्दा बढी बाढी आउँने गर्दछ । पहिरो र हिमनदीले बनाएका अस्थायी तालहरूको विस्फोटनको कारण पनि अचानक बाढी आउँछ । चुरे पर्वतदेखि उत्पन्न खहरेहरूबाट अचानक आउँने बाढीको कारण भावर क्षेत्र खतरामा छ । यी नदीहरूले प्रायः आफ्ना धार परिवर्तन गर्छन् र अत्यधिक थिग्रेनी बगाएर ल्याउँछन् । ती थिग्रेनीहरु समतल भूमिमा थुप्रिएपछि नदी बहने मार्ग र बगरको उचाई लगातार बढ्दछ । जब यी नदीहरु दक्षिण तराई तर्फ बग्छन् तब डुबान, कटान गर्ने र खेत बगर बन्ने तथा बालीमा बालुवा थुप्रिने हुन्छ ।

पछिल्ला वर्षहरूमा काठमाण्डौं र भक्तपुरमा निरन्तर वर्षाको कारण शहरी बाढीको घटना बढेको छ । अनियोजित शहरीकरण, नदी किनाराको अतिक्रमण, पर्याप्त ढल निकास प्रणालीको अभाव र जनसंख्या बृद्धिले शहरी क्षेत्रहरूमा बाढीको समस्या बढाएको छ । बागमती प्रदेशमा विगत १० वर्षमा बाढीको कारण १०६ जनाले ज्यान गुमाएको र ३३ जना घाईते भएको देखिन्छ ।

### १.१.६ आगलागी

बागमती प्रदेशका ग्रामीण तथा शहरी क्षेत्रहरू आगलागीको अत्यधिक जोखिममा छन् । विगत १० वर्षमा यस प्रदेशमा आगलागीका कारण १७० जनाले ज्यान गुमाएको र ४४६ जना घाईते भएको देखिन्छ ।

### १.१.७ भारी वर्षा

चुरे र महाभारत पर्वत श्रृङ्खलामा हुने भारी वर्षाले सर्वसाधारणको जनजीवन र सम्पत्तिलाई असर गर्दछ । भारी वर्षाले घर भत्काउन सक्छ र कृषिलाई क्षति पुऱ्याउँछ । यो बाढी र पहिरोको पनि कारण बन्दछ । विगत १० वर्षमा बागमती प्रदेशमा भारी वर्षाको कारण १३ जनाले ज्यान गुमाएको र ३६ जना घाईते भएको देखिन्छ ।

### १.१.८ हिमपात तथा हिमपहिरो

बागमती प्रदेशका हिमाली क्षेत्रका जिल्लाहरू हिमपात र हिमपहिरोबाट प्रभावित छन् । यस्ता घटनाहरूले पर्यटन क्षेत्र र राष्ट्रिय अर्थव्यवस्थामा गहिरो असर पुऱ्याउँछन् । पर्यटक तथा स्थानीय समुदायलाई सुरक्षित स्थानमा लैजाने संयन्त्रको विकास र मौसम पूर्वसूचना प्रणालीको विकासले यस्ता विपद् जोखिम टार्न सकिन्छ ।

## १.२ संकटउन्मुखता र सम्मुखता

विपद् प्रकोप, संकटउन्मुखता र सम्मुखताको संयुक्त परिणाम हो । संकटउन्मुखतालाई शारीरिक, सामाजिक, आर्थिक र वातावरणीय कारकहरू वा प्रक्रियाहरूद्वारा निर्धारित विशेषताहरूको रूपमा परिभाषित गरिन्छ जसले व्यक्ति, समुदाय, सम्पदा वा प्रणालीहरूको जोखिम प्रभावको संवेदनशीलता वृद्धि गर्दछ । संकटउन्मुखता प्राकृतिक प्रकोपको मानवीय आयाम हो र यो आर्थिक, सामाजिक, सांस्कृतिक, संस्थागत, राजनीतिक र मनोवैज्ञानिक कारकहरूको दायराको परिणाम हो जसले जनजीवन र वातावरणलाई प्रभाव पार्दछ । बागमती प्रदेशमा संकटउन्मुखता बढाउने कारकहरु भौतिक संरचनाहरूको कमजोर डिजाइन र निर्माण, अनियमित भूउपयोग, कमजोर वातावरणीय व्यवस्थापन, गरीबी र असमानता, सीमान्तकरण, सामाजिक बहिष्करण, लिङ्ग, सामाजिक स्थिति, अशक्तता र

उमेरको आधारमा विभेद, बीमाको अभाव, जनजीविकाको लागि एकल साधनमा निर्भरता आदि हुन् ।

सम्मुखता भनेको प्रकोप ग्रस्त क्षेत्रमा अवस्थित मानिसहरू, पूर्वाधार, आवास, उत्पादन क्षमता र अन्य मूर्त मानव सम्पदाहरूको अवस्था हो । यदि हामीले प्रकोप ग्रस्त क्षेत्रहरूमा कुनै पनि पूर्वाधार राख्यौं भने तिनीहरु प्रकोपको सम्मुखमा पर्नेछन् र जोखिममा हुनेछन् । कुनै ठाउँमा रहेका व्यक्तिहरू वा सम्पदाहरूको संख्या र प्रकार सम्मुखता मापनको आधार हुन सक्छ । यदि प्रकोप ग्रस्त ठाउँमा कुनै व्यक्ति वा सम्पदाको सम्मुखता छैन भने त्यहाँ कुनै जोखिम हुँदैन । बागमती प्रदेशमा तीव्र जनसंख्या वृद्धि, बसाइ सराई, शहरीकरण र आर्थिक विकास जस्ता प्रक्रियाहरूका कारण मानिसहरू, प्रणाली र पूर्वाधारहरु प्रकोपको सम्मुखमा परेका छन् ।

सबैभन्दा जोखिम समूहमा कम आय भएका र गरीब परिवारहरु, सीमान्तकृत र बहिष्कृत समुदायहरु, महिलाहरु, बालबालिका, किशोर किशोरी, वृद्धवृद्धा र अपाङ्ग व्यक्तिहरु पर्दछन् । विपद् जोखिम सामाजिक, आर्थिक र राजनीतिक ढाँचा र उनीहरु बीचको अन्तरसम्बन्धमा निर्भर गर्दछ । विपद्का तीन वटै आयामहरु (प्रकोप, संकटउन्मुखता र सम्मुखता) गतिशील छन् । तसर्थ विपद् जोखिम न्यूनीकरणका लागि तीन वटै आयामहरूलाई न्यूनीकरण गर्नु पर्दछ । प्रकोपको परिमाण, सम्मुखता र संकटउन्मुखता घटाएर तथा उत्थानशीलता अभिबृद्धि गरेर विपद् जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

## १.३ विद्यमान कानूनी तथा नीतिगत व्यवस्था

नेपालको संविधानले प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाईको विकास गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने नीति अवलम्बन गरेको छ । संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ । यसै गरी विपद् व्यवस्थापनलाई अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको सूचीमा

समेटेको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखेको छ ।

दैवी प्रकोप (उद्धार) ऐन, २०३९ कार्यान्वयन भए सँगै नेपालमा विपद् व्यवस्थापन सम्बन्धी संस्थागत कार्यको थालनी भयो । यस ऐनले गृह मन्त्रालयलाई विपद् पश्चातको उद्धार तथा राहत मार्फत जनधनको सुरक्षा गर्ने कार्यको समन्वय गर्ने केन्द्रीय निकायको रूपमा स्थापित गऱ्यो । यसै गरी अन्य मन्त्रालय, विभाग, प्रतिष्ठान, विकास साझेदार, संयुक्त राष्ट्र संघीय निकाय, अन्तर्राष्ट्रिय मानवीय सहयोग निकायहरु, गैर सरकारी संस्थाहरु र नागरीक समाजलाई सहयोगीको रूपमा तय गऱ्यो । ऐनले नीति निर्माण र कार्यान्वयन गर्न केन्द्रीय स्तरमा केन्द्रीय दैवी प्रकोप उद्धार समिति र समन्वय एवं कार्यान्वयनका लागि क्षेत्रीय, जिल्ला र स्थानीय स्तरमा दैवी प्रकोप उद्धार समितिहरु गठनका लागि अधिकार प्रदान गरेको थियो ।

अन्तर्राष्ट्रिय स्तरमा गरीएका पहलहरूको परिमाणस्वरूप सन् २००५ मा आत्मसात् गरीएको ह्योगो कार्यढाँचासँगै नेपालको विपद् व्यवस्थापनको अवधारणा "विपद् जोखिम न्यूनीकरण" तर्फ विकसित भइरहेको छ । यसै सन्दर्भमा विपद जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् जोखिम न्यूनीकरणका लागि पाँच वटा प्राथमिकता प्राप्त क्षेत्रहरु पहिचान गरी उत्थानशील समुदायको विकास गर्ने उद्देश्य लिएको थियो । यस रणनीतिले ह्योगो कार्यढाँचा २००५-२०१५ मा अपेक्षा गरीए जस्तै विपद् उत्थानशील नेपाल बनाउने सोच प्रस्तुत गऱ्यो । यसले क्षेत्रगत विकास योजना निर्माण र कार्यान्वयन प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्न अभिप्रेरित गर्नुका साथै संस्थागत संयन्त्र विकास र सुदृढीकरण गर्न, क्षमता अभिबृद्धि गर्न, आपतकालीन पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ कार्यक्रमलाई प्रभावकारी बनाउन प्रोत्साहित गरेको थियो ।

सन् २०१५ मार्चमा संयुक्त राष्ट्र संघका १८७ सदस्य राष्ट्रहरूले तेस्रो विश्व विपद् न्यूनीकरण सम्मेलनमा विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा २०१५-२०३० अवलम्बन गरेका छन् ।

सेन्डाई कार्यढाँचा २०१५ ले चार वटा प्राथमिकता क्षेत्रहरु तथा सात विश्वव्यापी लक्ष्यहरु निर्धारण गरी विपद् व्यवस्थापनमा समाजका सबै तहको सहभागितालाई सुनिश्चित गर्दै विपद् उत्थानशील समुदाय र राष्ट्रको विकास गर्ने लक्ष्य लिएको छ । नेपालले पनि विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचाको पक्ष राष्ट्र भएकोले "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०१८" र "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०" तयार गरेको छ । साथै अन्तर्राष्टि्रय प्रतिबद्धता, विगतका विपद्हरूको अनुभवहरु एवं नेपालको संविधान वमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा ल्याएको छ । यस ऐनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका समग्र पक्षहरूलाई समेटेको छ । विपद व्यवस्थापनका लागि एक विशिष्टीकृत निकायको रूपमा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको व्यवस्था गर्नुका साथै संघ, प्रदेश र स्थानीय तहको कार्य एवं जिम्मेवारीलाई स्पष्ट गरेको छ ।

सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्र संघका १९३ सदस्य राष्ट्रहरूले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्यहरु पारित गरेका छन् । नेपाल सरकारले देशको समावेशी दीर्घकालीन विकासका लागि उक्त लक्ष्यहरूलाई आत्मासात गरेको छ । विपद् जोखिम न्यूनीकरणका कार्यहरूले दिगो विकास लक्ष्यहरु २, ३, ६, ९, ११, १३ र १५ हासिल गर्न प्रत्यक्ष सहयोग पुर्‍याउने छन् ।

सन् २०१६ अक्टोबरमा आवास र दिगो शहरी विकासको लागि संयुक्त राष्ट्र सम्मेलन (Habitat III) मा अवलम्बन गारिएको नयाँ शहरी एजेन्डाले पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अपनाउने र कार्यान्वयन गर्ने, सङ्कटको अवस्था कम गर्ने, प्राकृतिक तथा मानव सिर्जित प्रकोपमा उत्थानशीलता एवं प्रतिकार्य क्षमता निर्माण गर्ने र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनलाई बढावा दिने शहरहरूको परिकल्पना गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै

चरणका कार्यहरु समावेश गरेको छ । यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमनका सम्बन्धी कार्यहरुका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन आदि कार्यलाई समेत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ ।

अरू राष्ट्रिय स्तरका मुख्य कानूनी तथा नीतिगत व्यवस्थाहरुमा भू तथा जलाधार संरक्षण ऐन, २०३९, जलस्रोत ऐन, २०४९, भवन ऐन, २०५५, राष्ट्रिय कृषि नीति, २०६१, जलवायु परिवर्तन नीति, २०७६, राष्ट्रिय अनुकूलन कार्यक्रम, २०६७ तथा स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना, २०६८, कृषि विकास रणनीति (२०७२-२०९२), उद्योग नीति, २०६७, राष्ट्रिय स्वास्थ्य नीति, २०७१, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२, राष्ट्रिय शहरी विकास रणनीति, २०७३, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, नेपाल सडक सुरक्षा कार्ययोजना (२०७०-२०७७), राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७६), खोज तथा उद्धारका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७१, प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४, विपद् पीडित पुनर्वास संचालन कार्यविधि, २०७१, प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष सञ्चालन नियमाबली, २०६३, विपद् पश्चात्को शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८, प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४, काठमाण्डौ उपत्यकामा ८३ वटा खुल्लाक्षेत्र कायम गर्ने नेपाल सरकारको निर्णय, २०६९, विपद् पीडित पुनर्वास संचालन कार्यविधि, २०७१, र बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०६७ आदि रहेका छन् ।

प्रदेश स्तरमा बागमती प्रदेश सरकारले प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ लागू गऱ्यो । प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ ले प्रदेशमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका सबै पक्षहरुलाई समेटेको छ । यस ऐनले प्रदेश विपद् व्यवस्थापन निर्देशक समिति र कार्यकारी समितिको व्यवस्था गरी र यी समितिहरूको काम, कर्तव्य र अधिकार परिभाषित गरेको छ । यसले प्रदेश स्तरमा विपद् व्यवस्थापन कोषको पनि व्यवस्था गरेको छ ।

बागमती प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७ - २०८०/८१) को आधार पत्र एक महत्वपूर्ण नीतिगत दस्तावेज हो जसले वित्तीय क्षेत्र, कृषि क्षेत्र, उद्योग क्षेत्र, वाणिज्य तथा आपूर्ति क्षेत्र, पर्यटन क्षेत्र, सहकारी क्षेत्र, सामाजिक क्षेत्र, स्वास्थ्य तथा पोषण क्षेत्र, युवा तथा खेलकुद क्षेत्र, भाषा, संस्कृति र कला क्षेत्र, शहरीकरण र पूर्वाधार विकास क्षेत्र, वन, वातावरण र विपद् व्यवस्थापन क्षेत्र र अन्तरसम्बन्धित क्षेत्रको लागी दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति र कार्यनीतिहरू परिभाषित गरेको छ ।

बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को योजना तथा कार्यक्रममा प्रदेश विपद् व्यवस्थापन कोषको स्थापना, कृषि बीमाको बिस्तार, एकीकृत बस्ती कार्यक्रम, जमीनको बर्गीकरण, एकीकरण र क्षेत्र निर्धारण, जल उत्पन्न प्रकोप नियन्त्रण, चुरे क्षेत्रमा कृषि वनको विकास आदि जस्ता विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रमहरू समेटिएका थिए । त्यसैगरी वार्षिक कार्यक्रम २०७६/७७ मा पनि विषयगत मन्त्रालयहरूको कार्यक्रममा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रमहरू समेटिएका छन् ।

बागमती प्रदेशका प्रत्येक जिल्लाहरूले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरू तयार गरेका छन् । उक्त योजनाहरूले विपद् व्यवस्थापनको लागि पूर्वतयारी र आपत्कालीन प्रतिकार्यका विभिन्न क्रियाकलापहरूलाई समेट्दछन् । उक्त योजनाहरूमा सामान्य तयारी योजना, विषयगत क्षेत्रका पूर्वतयारी तथा प्रतिकार्य योजना र कार्यान्वयन तथा अनुगमन सम्बन्धी व्यवस्था समावेश हुन्छन् ।

## १.४ रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया

बागमती प्रदेश सरकार, विशेष गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले सन् २०१५ पछि विश्वव्यापी रूपमा स्वीकार गरिएका विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा, जलवायु परिवर्तन अनुकुलनका लागि पेरिस सम्झौता, दिगो विकासका लक्ष्यहरू, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०, प्रदेश विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीति, २०६६ को

कार्यान्वयनबाट प्राप्त अनुभव, सन् २०१५ को गोरखा र दोलखा केन्द्रबिन्दु भएको भूकम्प तथा सन् २०१७ को बाढीको सिकाईको आधारमा नयाँ मार्गचित्र पहिचान गरी प्राथमिकता प्राप्त क्षेत्रहरूलाई सम्बोधन गरी अघि बढ्ने आवश्यकता महसूस गरी 'प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना' तर्जुमा गरेको छ । यसले जोखिम न्यूनीकरणका लागि जोखिम संवेदनशील कार्यहरु पहिचान गरी प्रदेश र स्थानीय तहको विकास प्रक्रियामा मूलप्रवाहीकरण गरी कार्यान्वयन गर्न सबै सरोकारवाला निकायहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नेछ ।

यो रणनीतिक कार्ययोजना तर्जुमाका लागि प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवको संयोजकत्वमा व्यवस्थापन समिति गठन गरीएको थियो । जसमा प्रदेश सरकारका विभिन्न निकायहरु (मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, नीति तथा योजना आयोग, भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय) र विकास साझेदारहरु (संयुक्त राष्ट्र संघ आवासीय समन्वयकर्ताको कार्यालय, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, गैर सरकारी संस्था महासंघ, नेपाल रेडक्रस सोसाइटी र मकवानपुर उद्योग वाणिज्य संघ) का प्रतिनिधिहरु रहेका थिए ।

सेण्डाइ कार्यढाँचाले सिफारिस गरेबमोजिम सबै क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहने प्रदेश र जिल्लास्तरमा परामर्श कार्यशाला गोष्ठीहरूको आयोजना गरीएको थियो, जसमा बहू-सरोकारवाला निकायका प्रतिनिधिहरूले आ-आफ्ना क्षेत्रमा भएका असल अभ्यास, सिकाई सवाल र चुनौतीहरूका आधारमा मूलभूत समस्या र समाधानका क्षेत्र पहिचान गरी 'प्रदेश विपद् व्यवस्थापन नीति तथा रणनीतिक कार्ययोजना' मा समावेश गर्न सिफारिश गरेका थिए ।

सरोकारवालाहरूसँगको परामर्श तथा कार्यशाला गोष्ठीहरूको सुझाव र सिफारिसहरूलाई समेटी तयार गरीएको मस्यौदालाई विभिन्न चरण र तहमा व्यापक छलफल गरी सबैको राय, परामर्श, सल्लाह र सुझावका आधारमा यस रणनीतिक कार्ययोजनालाई अन्तिम रूप दिइएको छ ।

अध्याय २

# विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना

# विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना

## २.१ परिचय

विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना विपद् उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरु हासिल गर्न सहयोग पुऱ्याउने सन्दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि बागमती प्रदेश सरकारको प्रतिबद्धता सहितको दस्तावेज हो । यस कार्ययोजनाले विपद् व्यवस्थापनमा "जोखिम न्यूनीकरण" केन्द्रित बृहत्तर अवधारणालाई जोड दिएको छ । यो कार्ययोजना तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा २०१५-२०३०, एशियाली मन्त्रीस्तरीय सम्मेलन २०१६ बाट पारित एशियाली क्षेत्रीय योजना, विपद् जोखिम न्यूनीकरण विश्वव्यापी कार्यमञ्चको पाँचौं बैठकले पारित गरेको कानकुन घोषणा लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूप विपद् व्यवस्थापनमा जोखिम न्यूनीकरणको वृहत अवधारणालाई समेटिएको छ ।

यस रणनीतिक कार्ययोजनाले विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को कार्यान्वयन मार्फत प्राप्त अनुभवहरु, २०७२ को गोरखा र दोलखा केन्द्रबिन्दु भएको भूकम्प सहित हालैका वर्षहरूमा भएका अन्य प्रमुख विपद्हरूका अनुभव तथा सिकाईहरु र जलवायु परिवर्तन अनुकूलन तथा दिगो विकास लक्ष्यका पहलहरूलाई समेटेको छ । साथै विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० ले पहिचान गरेका प्राथमिकताप्राप्त क्षेत्र तथा रणनीतिक क्रियाकलापहरूलाई प्रदेशको वस्तुगत परिस्थिती अनुसार ग्रहण गरेको छ । यस कार्ययोजनामा चारवटा मूल प्राथमिकताप्राप्त क्षेत्रहरु, त्यसका सहायक क्षेत्रहरूको रूपमा प्राथमिकताप्राप्त कार्यहरू र रणनीतिक क्रियाकलापहरु समेत स्पष्ट रूपमा परिभाषित गरी विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूको मुख्य र सहयोगी जिम्मेवारी निर्धारण गरीएको छ ।

## २.२ मार्गदर्शक सिद्धान्त

विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा देहाय बमोजिमका मार्गदर्शक सिद्धान्तहरु अवलम्बन गरीनेछन् ।

१. विपद् जोखिम न्यूनीकरण, नियन्त्रण तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी राज्यको हुनेछ । राज्यले आवश्यक परेमा अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा द्विपक्षीय सहकार्य तथा साझेदारी गर्न सक्नेछ ।

२. प्रदेश सरकारले संघ तथा स्थानीय तह, राजनीतिक दल तथा भातृ संगठनहरू, सरोकारवाला संघ, संस्थाहरु तथा समुदाय, निजी क्षेत्र, अन्तर्राष्ट्रिय संघ संस्थाहरु लगायतको सहभागिता तथा सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य गर्नेछ ।

३. विपद् जोखिम व्यवस्थापन गर्दा व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण तथा प्रबर्धन गरीनेछ ।

४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समाजका सबै पक्ष तथा क्षेत्रसँगको सहभागिता तथा साझेदारीमा गरीनेछ । यसका लागि विपद्बाट अति प्रभावित समुदायको सशक्तीकरण गरीनेछ । मुख्यतया अति गरीब समुदायको समावेशी, पहुँचयुक्त तथा विभेदरहित सहभागिता सुनिश्चित गरीनेछ । लिङ्ग, उमेर, अपाङ्गता तथा सांस्कृतिक र भौगोलिक विविधतालाई नीति निर्माण तथा कार्यान्वयनमा पर्याप्त ध्यान दिइनेछ । महिला तथा युवा नेतृत्वलाई प्रबर्द्धन गरीनेछ ।

५. संघ, प्रदेश तथा स्थानीय सरकारका सबै सरोकारवाला निकायहरुको पूर्ण सहभागिता, सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरुको जिम्मेवारी र भूमिकाको स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रिय संलग्नता, साझेदारी तथा परिपूरकताको सुनिश्चितता गरीनेछ ।

६. स्थानीय तह तथा समुदायलाई श्रोत, साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सशक्तिकरण गरीनेछ ।

७. विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा लिङ्, उमेर र अपाङ्गताको आधारमा छुट्टाछुट्टै अद्यावधिक, बृहत्तर, परम्परागत ज्ञानलाई औपचारिक र सम्मानपूर्ण मान्यता दिई विज्ञानमा आधारित तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदान र प्रचार प्रसारको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरीनेछ ।

८. दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, जलवायु परिवर्तन अनुकूलन, वातावरण व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण बीच सामञ्जस्यता कायम गरीनेछ ।

९. विपद् जोखिमका स्थानीय तथा विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरु अवलम्वन गरीनेछन् ।

१०. विपद् जोखिमका कारक तत्वहरुको निराकरणको लागि सार्वजनिक तथा निजी लगानी बृद्धि गरी दिगो विकासमा समेत योगदान पुर्‍याइनेछ ।

११. विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न "अझ राम्रो र बलियो बनाऔं" भन्ने अवधारणा अवलम्वन गरीनेछ ।

१२. विपद् जोखिमको बारेमा सार्वजनिक शिक्षा र सचेतना अभिबृद्धि गरीनेछ ।

१३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय श्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई अत्यधिक उपयोग गरीनेछ ।

## २.३ दीर्घकालीन सोच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य

### दीर्घकालीन सोँच

विपद्‌बाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील प्रणाली र पूर्वाधार; प्रदेशको दिगो बिकासको आधार ।

### अपेक्षित परिणाम

विपद्‌बाट हुने मृत्यु दर तथा प्रभावित व्यक्तिहरूको संख्यामा उल्लेख्य रूपले कमी ल्याउनु, जीविकोपार्जन, स्वास्थ्य, सम्पत्ति, व्यवसाय र समुदायमा हुने जोखिम तथा क्षतिको न्यूनीकरण गर्नु यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहने छ ।

### उद्देश्य

प्राकृतिक तथा गैर प्राकृतिक विपद्‌बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापहरूको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनर्स्थापना तथा पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिबृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु यस रणनीतिक कार्ययोजनाको उद्देश्य रहेको छ ।

### लक्ष्य

सन् १९७१ देखि २०११ सम्मको DesInventar Database[1] र नेपाल सरकार, गृह मन्त्रालयको सन् २०१२ देखि २०१८ सम्मको तथ्याङ्क[2] संयोजन गरी प्राप्त पछिल्लो ४८ वर्ष (सन् १९७१ देखि २०१८) को तथ्याङ्क विश्लेषण गर्दा बागमती प्रदेशमा हरेक वर्ष करिव ३०५ (सडक दुर्घटना बाहेक) व्यक्तिहरूले विपद्‌का कारण आफ्नो ज्यान गुमाएको देखिन्छ । यसै गरी वार्षिक रूपमा औसत १४,९३५ परिवारहरु विपद्‌का कारण प्रभावित

1 https://www.desinventar.net/DesInventar/profiletab.jsp?countrycode=npl
2 http://drrportal.gov.np/

हुने गरेका छन् भने प्रत्येक वर्ष करिब १७,२५४ घरहरु क्षतिग्रस्त वा नष्ट हुने गरेको छ । सडक दुर्घटनाका कारण मात्र बागमती प्रदेशमा प्रति वर्ष करिब १२०० व्यक्तिहरूको मृत्यु हुने गरेको छ भने ६,००० व्यक्तिहरु घाईते हुने गरेका छन् ।

विपद्बाट आर्थिक रूपमा बढी प्रभावित र नोक्सानी हुने क्षेत्रहरूमा उत्पादनमूलक क्षेत्र, सामाजिक क्षेत्र र पूर्वाधार क्षेत्रहरु मुख्य रहेका छन् । सन् २०११-२०१८ को अवधिमा विपद्का कारण भएको आर्थिक क्षति र नोक्सानको विश्लेषण गर्दा प्रति वर्ष कूल गार्हस्थ्य उत्पादनको करिब ०.०५% औसत क्षति भएको देखिन्छ । सन् २०१५ को भूकम्प र सन् २०१७ को बाढीको कारणले ठूलो मात्रामा आर्थिक क्षति भएको देखिन्छ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ - २०३०, नेपालले सन् २०३० सम्मका लागि तय गरेको दीगो विकास लक्ष्यहरु (Sustainable Development Goals) र विद्यालय क्षेत्र विकास योजना (School Sector Development Plan) लाई समेत आधार लिई यस रणनीतिक कार्ययोजनाले बागमती प्रदेशमा विपद् क्षति न्यून गर्न निम्न लक्ष्यहरु लिएको छ ।

| सि.नं | सूचक | आधार रेखा (२०१८ सम्मको औषत) | अल्पकालीन (२०२२ सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| १ | **प्रदेश स्तरमा विपद्बाट हुने मृत्यु दर उल्लेख्य मात्रामा कम गर्ने** | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | ३०५ | २२५ | १५० | ७५ |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | १,२०० | ९०० | ६०० | ३०० |
| २ | **प्रदेश स्तरमा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने** | | | | |

| सि.नं. | सूचक | आधार रेखा (२०१८ सम्मको औषत) | अल्पकालीन (२०२२ सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या | १४,९३५ | १२,००० | ८,००० | ४,००० |
| २.२ | विपद्बाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | ७२४ | ६०० | ४५० | ३०० |
| २.३ | सडक दुर्घटनाबाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | ६,००० | ४,५०० | ३,००० | १,५०० |
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत संख्या | १७,२५४ | १५,००० | १०,००० | ५,००० |
| **३** | **प्रदेश कूल गार्हस्थ्य उत्पादनमा विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्य रूपमा कम गर्ने** | | | | |
| ३.१ | प्रदेश कूल गार्हस्थ्य उत्पादनमा विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति | ०.०५% | ०.०३% | ०.०२% | ०.०१% |
| **४** | **महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपदले पुऱ्याउने क्षति र अवरोध उल्लेख्यरूपले कम गर्न उत्थानशीलता विकास गर्ने** | | | | |
| ४.१ | स्वास्थ्य भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | ५० | १५० | २५० |

| सि.नं | सूचक | आधार रेखा (२०१८ सम्मको औषत) | अल्पकालीन (२०२२ सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| ४.२ | कक्षा कोठाहरूको मर्मत संभार र प्रवलीकरण गरी उत्थानशीलता विकास | | १००० | २५०० | ४००० |
| ४.३ | विद्यालय भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | १०० | २५० | ४०० |
| ४.४ | विपद् जोखिम न्यूनीकरणका लागि विद्यमान विद्यालयहरूबाट नमूना विद्यालयहरूको विकास | | १०० | २५० | ४०० |
| ४.५ | सार्वजनिक र सरकारी भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | ४०० | ७०० | १,००० |
| ४.६ | सांस्कृतिक सम्पदास्थलहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | १० | २० | ३० |

| सि.नं | सूचक | आधार रेखा (२०१८ सम्मको औषत) | अल्पकालीन (२०२२ सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| ४.७ | विमानस्थलहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | १ | २ | ३ |
| ४.८ | विद्यमान जलविद्युत उत्पादन गृहहरू तथा बाँधहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | ३ | ५ | ७ |
| ४.९ | विद्युत सवस्टेशनहरूको उत्थानशीलता विकास | | ५ | १० | १५ |
| ४.१० | खानेपानीका संरचनाहरूको मर्मत सम्भार गरी उत्थानशीलता विकास | | ३० | ४५ | ६० |
| ४.११ | एकिकृत जलश्रोत व्यवस्थापनको योजना कार्यान्वयनको प्रतिशत | | २५ | ४० | ६० |
| ४.१२ | उच्च जोखिमयुक्त हिमताल विस्फोटन बाढीको जोखिम न्यूनीकरण (संख्या) | १ | २ | ३ | ४ |

| सि.नं | सूचक | आधार रेखा (२०१८ सम्मको औषत) | अल्पकालीन (२०२२ सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| ४.१३ | बायो ईन्जिनियरिङ्ग प्रविधिद्वारा नदी किनाराको संरक्षण (कि.मी.) | | ४०० | ७०० | १००० |
| ४.१४ | जलाधारहरुको संरक्षण (संख्या) | | २०० | ३०० | ४०० |
| ४.१५ | ताल, सिमसार तथा पोखरीहरुको संरक्षण (संख्या) | | १०० | ३०० | ५०० |
| ४.१६ | जलवायु स्मार्ट शहर/गाउँहरुको विकास | | ५ | १० | १५ |
| ४.१७ | जलवायु स्मार्ट कृषि प्रवर्धन गर्ने | | १५ | ३० | ५० |
| **५** | **विपद् व्यवस्थापनका लागि अन्तर निकाय समन्वय संयन्त्र विकास गर्ने** | | | | |
| ५.१ | संघ, प्रदेश र स्थानीय तहहरु र सरोकारवालाहरु बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्न संयन्त्र विकास गर्ने (प्रतिशत) | | १०० | १०० | १०० |

| सि.नं | सूचक | आधार रेखा (२०१८ सम्मको औषत) | अल्पकालीन (२०२२ सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| ५.२ | पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणका लागि "अझ राम्रो र बलियो निर्माण" को सिद्धान्तका आधारमा श्रोतहरु व्यवस्थापन र कार्यान्वयन गर्ने सरकारी निकायहरुको प्रतिशत | | ५० | ७५ | १०० |
| ६ | **बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि गर्ने** | | | | |
| ६.१ | प्रदेशको कूल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र संचालन भएको क्षेत्रफलको प्रतिशत | | ५० | ७० | १०० |
| ६.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | | ५० | ८० | १०० |

| सि.नं. | सूचक | आधार रेखा (२०१८ सम्मको औषत) | अल्पकालीन (२०२२ सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| ६.३ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि तयार भएका स्थानीय तहहरूको प्रतिशत | | १०० | १०० | १०० |
| ६.४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिम सम्बन्धी सूचना तथा जानकारी एवं आंकलन जनसमुदायलाई उपलब्ध गराउन सक्ने स्थानीय तहहरूको प्रतिशत | | २० | ५० | १०० |
| ६.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | | ५० | १०० | १०० |

## २.४ रणनीतिक क्षेत्रहरू

यस विपद् व्यवस्थापन रणनीतिक कार्ययोजनाले विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुऱ्याउन समष्टिगत अवधारणा (Holistic Approach) लाई आत्मसात गरेको छ । विपद् जोखिम न्यूनीकरणका

लागि सेन्डाइ कार्यढाँचा र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनालाई मूल मार्गदर्शनको रूपना लिई यस कार्ययोजनाले निम्न बमोजिमका चार रणनीतिक क्षेत्रहरु र चौध प्राथमिकता प्राप्त कार्यहरु निर्धारण गरेको छ ।

**रणनीतिक क्षेत्र १ : विपद् जोखिम बारे बुझाई**

प्राथमिकता प्राप्त कार्य १: प्रमुख प्रकोपहरूको जोखिम आँकलन

प्राथमिकता प्राप्त कार्य २: प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणलीको विकास तथा सूचना प्रवाह

प्राथमिकता प्राप्त कार्य ३: विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

**रणनीतिक क्षेत्र २ : प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य ४: संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य ५: कानूनी तथा नियामक संरचना निर्माण

प्राथमिकता प्राप्त कार्य ६: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

प्राथमिकता प्राप्त कार्य ७: विपद् जोखिम न्यूनीकरणमा समावेशिताको सुनिश्चितता

**रणनीतिक क्षेत्र ३ : विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन**

प्राथमिकता प्राप्त कार्य ८: उत्थानशीलता बृद्धिमा सार्वजनिक लगानी प्रवर्धन

प्राथमिकता प्राप्त कार्य ९: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्धन

प्राथमिकता प्राप्त कार्य १०: जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

**रणनीतिक क्षेत्र ४ : प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः**

**निर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य ११: प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य १२: विपद् पूर्वतयारीको लागि बहु(प्रकोप पूर्व सूचना प्रणालीको विकास

प्राथमिकता प्राप्त कार्य १३: समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्धन

प्राथमिकता प्राप्त कार्य १४: पुनर्लाभ, पुन:स्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" अवधारणा प्रवर्धन

हरेक प्राथमिकता प्राप्त कार्य अन्तर्गत अल्पकालीन (सन् २०२०-२०२२), मध्यकालीन (सन् २०२०-२०२५), दीर्घकालीन (सन् २०२०-२०३०) र निरन्तर रूपमा गरिरहनुपर्ने क्रियाकलापहरूका लागि निरन्तर अवधि तोकी १८४ रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएका छन् ।

अध्याय ३

# रणनीतिक क्षेत्र १ - विपद् जोखिम बारे बुझाई

# रणनीतिक क्षेत्र १ - विपद् जोखिम बारे बुझाई

बागमती प्रदेशमा प्रकोपको प्रकृति अनुरूप हरेक प्रकोपको जोखिम सम्बन्धी जानकारीलाई सङ्कटउन्मुखता, क्षमता तथा सम्मुखता सम्बन्धी ज्ञान एवं सामाजिक, आर्थिक तथा जनसाङ्ख्यिक विवरणलाई समेटर जोखिम आँकलन तथा नक्शाङ्कन गर्नु आवश्यक छ । लिङ्ग, उमेर, अपाङ्गता र सास्कृतिक तथा सामाजिक विविधताका अन्य सूचकाङ्कहरूको आधारमा छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क संकलन गर्नु पर्दछ । प्रकोप, सङ्कटउन्मुखता तथा क्षमताका सम्बन्धमा प्रदेश स्तरमा विस्तृत तथ्याङ्क प्रणालीको विकास गर्न जरुरी छ । यस्तै जोखिमको बारेमा एकीकृत सूचना प्रसारण गर्ने पद्धति र सञ्चार माध्यम एवं आधुनिक सञ्चार प्रविधिहरूको विवेकपूर्ण प्रयोग गर्ने क्षमता पूर्ण विकास गर्नु पर्नेछ । यी विषयहरुलाई सम्बोधन गरी विपद् जोखिमको बारेमा बुझाई अभिबृद्धि गर्न देहाय बमोजिमका प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएका छन् ।

### ३.१ प्रमुख प्रकोपहरूको जोखिम आकलन

बागमती प्रदेशमा प्रकोपको प्रकृति अनुरूप हरेक प्रकोपको सम्मुखता, संकटउन्मुखता र जोखिमको आँकलन तथा नक्शाङ्कन गर्नु र सार्वजनिक रूपमा उपलब्ध गराउनु आवश्यक छ । बहु-मापदण्डमा आधारित बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनहरु लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्नु पर्ने आवश्यकता छ । जोखिम संवेदनशील भू-उपयोग योजना (Risk Sensitive Land Use Plan) तयार गरी भू-उपयोग क्षेत्र विभाजन गर्नु समेत आवश्यक छ । प्रमुख प्रकोपहरू (सडक दुर्घटना, भूकम्प, चट्याङ, पहिरो र भूक्षय, बाढी, आगलागी, भारी वर्षा, हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन, महामारी, हावाहुरी, औद्योगिक प्रदुषण तथा विकिरण आदि) को जोखिम आँकलनका लागि देहायका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. प्रमुख प्रकोपहरूको तात्कालिक अवलोकन तथा अनुगमन प्रणाली (Real-Time Hazard Observation and Monitoring System) स्थापना गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | प्रमुख प्रकोपहरूको तत्कालिन अवस्था निरन्तर उपलब्ध भएको हुनेछ | निरन्तर | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| २. प्रमुख प्रकोपहरूको आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | प्रदेश र स्थानीय स्तरमा प्रमुख प्रकोपहरूको आँकलन तथा नक्शाहरु उपलब्ध भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, विश्वविद्यालयहरू, स्थानीय सरकार |
| ३. लिङ्ग, उमेर र अपाङ्गताका आधारमा जोखिमयुक्त पूर्वाधारहरु तथा आश्रयस्थलहरूका लागि भू-सन्दर्भित (Geo-referenced) सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | सम्मुखता र संकट उन्मुखताको छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क उपलब्ध भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश नीति तथा योजना आयोग, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, विश्वविद्यालयहरू, केन्द्रीय तथ्याङ्क विभाग |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ४. प्रकोप, सम्मुखता, सङ्कटउन्मुखता र जोखिम तथ्याङ्क संकलनमा एकरूपता कायम गर्न अन्तर निकाय संयन्त्र स्थापना गर्ने | प्रकोप, सम्मुखता, संकटउन्मुखता र जोखिम तथ्याङ्क संकलनमा एकरूपता कायम भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, राष्ट्रिय योजना आयोग, स्थानीय सरकार, समुदायमा आधारित संगठनहरू |
| ५. जोखिमयुक्त पूर्वाधारहरु, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू, आश्रयस्थलहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरूका लागि जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराउने | जोखिम स्तर (उच्च, मध्यम र न्यून) को जानकारी खुलाश्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ६. जोखिम संवेदनशील भू-उपयोग योजनाहरूको तर्जुमा गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराउने | जोखिम संवेदनशील भू-उपयोग योजनाहरु उपलब्ध हुनेछन् | मध्यकालिन | प्रदेश सरकारको भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | नेपाल सरकारका सम्बन्धीत मन्त्रालय तथा विभागहरू, स्थानीय सरकार |

## ३.२ प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

एकीकृत सूचना प्रसारण गर्ने पद्धतिको विकास र सञ्चार माध्यम तथा आधुनिक सञ्चार प्रविधिहरूको समुचित प्रयोग गर्ने क्षमताको पूर्ण विकासका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | विद्यमान र उदियमान विपद् जोखिम प्रचारप्रसार गर्न विभिन्न मिडिया (सामाजिक, छापा, विद्युतीय, श्रब्य दृश्य) को प्रभावकारी प्रयोग गर्ने | विपद् जोखिम बारे व्यापक प्रचार प्रसार तथा जानकारी भएको हुनेछ | निरन्तर | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय मन्त्रालय | नेपाल सरकारको संचार तथा सूचना प्रविधि, मन्त्रालय, स्थानीय सरकार, नेपाल दुरसंचार प्राधिकरण, पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजन |
| २. | विपद् जोखिम सूचना साझेदारिताका लागि सरकारी संस्थाहरु, समुदायमा आधारित संगठनहरु, गैर सरकारी संस्थाहरु, राजनीतिक दल तथा भातृ संगठनहरू, रेडक्रस अभियानका अंगहरू र मिडिया बीच संघ, प्रदेश र स्थानीय स्तरसम्म सहकार्य गर्ने | विपद् जोखिम सूचना साझेदारितामा व्यापक रुपले सहकार्य भएको हुनेछ | निरन्तर | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय/राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल दुरसंचार प्राधिकरण, समुदायमा आधारित संगठनहरु, विकासका साझेदार, गैर सरकारी संस्थाहरु, राजनीतिक दल तथा भातृ संगठनहरू, रेडक्रस अभियानका अंगहरू र मिडिया |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३. संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् जोखिम सूचना साझेदारी गर्न (मोबाईल एप्स, वेबसाईट, एसएमएस, रेडियो र टेलिभिजन जस्ता प्रविधिको प्रयोग सहित) संचार तथा प्रसार कार्यविधि तयार पार्ने | सबै तहमा विपद् जोखिम सूचनाको प्रभावकारी संचार र प्रसार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय मन्त्रालय | नेपाल सरकारको संचार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल दुरसंचार प्राधिकरण |
| ४. महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग, विद्यार्थी र अन्य संकटउन्मुख समूहसँग जोखिम सूचना साझेदारी गर्न संचार तथा प्रसार कार्यविधि तयार गर्ने | महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग, विद्यार्थी र अन्य संकटउन्मुख समूहसँग जोखिम सूचना साझेदारी भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय मन्त्रालय | नेपाल सरकारको संचार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल दुरसंचार प्राधिकरण |
| ५. प्रदेश, जिल्ला र स्थानीय तहमा आधिकारिक, खुला, भौगोलिक सूचना प्रणालीमा आधारित विपद् सूचना व्यवस्थापन प्रणालीको स्थापना गर्ने | सबै तहमा विपद् जोखिम जानकारीको लागि विपद् सूचना व्यवस्थापन प्रणाली उपलब्ध भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय सरकार | नेपाल सरकारको गृह मन्त्रालय/राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |

## ३.३ विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

विपद् जोखिम बारे बुझाईका लागि क्षमता अभिवृद्धि गर्न विभिन्न अध्ययन, अध्यापन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरु गर्नु पर्ने आवश्यकता छ । विद्यमान प्रशिक्षण केन्द्रहरुका क्षमता अभिबृद्धि गर्ने र राष्ट्रिय देखि स्थानीय स्तरसम्म विपद् जोखिम न्यूनीकरणका लागि प्रशिक्षण र अनुसन्धान केन्द्रहरु स्थापना गर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. विद्यालयदेखि विश्वविद्यालय सम्मको पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी विभिन्न पक्षमा विधागत, विषयगत र अन्तर-विधागत पाठ्यक्रम निर्माण गरी अध्ययन, अध्यापन र अनुसन्धान प्रणालीलाई संस्थागत गर्ने | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको क्षेत्रमा दक्ष जनशक्ति विकास भै विपद् जोखिम बुझाईमा वृद्धि भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालयहरु, स्थानीय सरकार |
| २. पेशेवर सवारी चालकहरूको लागि नियमित सडक सुरक्षा शिक्षा कार्यक्रमहरु तथा तालिमहरू सञ्चालन गर्ने | सडक दुर्घटना कम गर्न पेशेवर सवारी चालकहरुको क्षमता विकास भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु, नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३. दलित, महिला, बालबालिका, किशोर किशोरी, वृद्धवृद्धा, अपाङ्ग, संकटउन्मुख समुदायहरू र सम्पूर्ण सरोकारवाला हरुका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी पाठ्यक्रमको विकास गरी प्रशिक्षण कार्यक्रमहरु संचालन गर्ने | संकटउन्मुख समुदायहरु र सरोकारवालाहरुको विपद् जोखिम सम्बन्धी बुझाईमा क्षमता विकास भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ४. विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरुका लागि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा खेल्नुपर्ने भूमिकाबारे जानकारीमूलक सामग्री बनाई प्रचारप्रसार गर्ने, तालिम प्रदान गर्ने र विभिन्न तहमा अनुभवको आदान प्रदान गर्ने | विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरुको विपद् जोखिम बुझाईमा क्षमता वृद्धिभएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू,स्थानीय सरकार, समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठनहरु |

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५. | राजनीतिक दल तथा भातृ संगठनहरुका सदस्यहरू, निर्वाचित जन प्रतिनिधि, विषयगत निकायका सम्पर्क व्यक्ति, सुरक्षा निकायहरू, विपद जोखिम व्यवस्थापन क्षेत्रमा कार्यरत संघ संस्थाहरुलाई विपद् व्यवस्थापन ऐन, नियम, नीति, रणनीतिक कार्ययोजना बारे अभिमुखिकरण गर्ने | विपद् जोखिम न्यूनीकरण सम्बन्धि कानूनी तथा नियामक व्यवस्था बारे व्यापक जानकारी भै निर्णय प्रक्रिया प्रभावकारी भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ६. | विपद् जोखिम न्यूनीकरण सम्बन्धमा सचेतना जगाउने कार्यक्रमहरुको विकास तथा संचालन गर्नका लागि समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरु सँग सहकार्य गर्ने | विपद् जोखिम सम्बन्धी चेतना अभिबृद्धिमा व्यापक सहकार्य भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारका गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ७. व्यापारी, व्यवसायी र उद्यमीहरूलाई विपद् जोखिम न्यूनीकरण बारे प्रशिक्षण दिई उनीहरूको जवाफदेहिता, सहभागिता र जिम्मेवारीबोध बढाउँने | निजी क्षेत्र विपद् जोखिम बारे जानकार भई जिम्मेवार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल उद्योग वाणिज्य महासंघ |
| ८. विपद् जोखिम सम्बन्धी चेतना तथा प्रशिक्षणका लागि प्रदेश र स्थानीय स्तरको विस्तृत कार्यक्रमको विकास गरी संचालन गर्ने | विपद् जोखिम सम्बन्धी चेतना अभिबृद्धि भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय,राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ९. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा विद्यमान प्रशिक्षण केन्द्रहरूका क्षमता सुदृढीकरण गर्ने | विद्यमान प्रशिक्षण केन्द्रहरूका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षमता सुदृढ भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, प्रशिक्षण प्रतिष्ठानहरू |
| १०. ड्राइभिङ्ग स्कूलहरूको क्षमता विकास गर्ने | सडक दुर्घटना कम गर्न ड्राइभिङ्ग स्कूलहरूको क्षमता विकास भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ११. विपद् तथा जलवायु प्रभाव मूल्याङ्कन सम्बन्धमा सरोकारवाला र पेशाकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम गर्ने | विपद् तथा जलवायु प्रभाव मूल्याङ्कन गर्ने कार्यमा क्षमता सुदृढ भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, विश्वविद्यालयहरू, अनुसन्धान केन्द्रहरू |
| १२. विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका सवाल, समस्या र समाधान माथि अनुसन्धान र विकास गर्ने | विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका लागि नयाँ प्रविधि तथा प्रणालीको विकास भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारका सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, विश्वविद्यालयहरू, अनुसन्धान संस्थाहरू |

अध्याय ४

# रणनीतिक क्षेत्र २ - प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण

# रणनीतिक क्षेत्र २ - प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण

विपद् जोखिम न्यूनीकरण गर्न कार्यक्रमहरु तर्जुमा एवं सरोकारवालाहरूलाई प्रोत्साहन तथा मार्गदर्शन गर्ने प्रणालीको स्थापना गरी प्रदेश देखि स्थानीय तहसम्म विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई सम्बोधन गर्न जिम्मेवार निकायहरूको स्थापना र सुदृढीकरण गर्न जरूरी देखिएको छ । विपद् जोखिम व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्थालाई समयसापेक्ष परिमार्जन गर्नुपर्ने आवश्यकता छ । सबै तहमा पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य योजनाको तर्जुमा तथा क्षमताको अभिवृद्धि तत्काल गर्नु जरूरी छ । उक्त विषयहरूलाई सम्बोधन गरी बागमती प्रदेश मा विपद् जोखिम शासकीय पद्धति सुदृढ गर्न यस रणनीतिक क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकताप्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

## ४.१ संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत मौजुदा विपद् व्यवस्थापन शाखाको सीमित संरचनाले विपद् व्यवस्थापनको बढ्दो कामको चाप थेग्न चुनौतिपूर्ण भैरहेको छ । प्रदेश आपत्कालिन कार्यसञ्चालन केन्द्र एवं विषयगत मन्त्रालय तथा विभागहरूको संगठनात्मक पुनर्संरचना र सुदृढीकरण गर्नु पर्ने आवश्यकता छ । संविधानले स्थानीय तहलाई पर्याप्त अधिकार प्रदान गरेको सन्दर्भमा विपद् जोखिम शासकीय पद्धतिमा पनि स्थानीय तहलाई बढी जिम्मेवार बनाउँदै लानु पर्ने देखिएको छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रदेश विपद् व्यवस्थापन प्राधिकरण स्थापना गर्ने | विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माणका लागि प्रदेश स्तरमा संस्थागत व्यवस्था भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |
| २. | विषयगत मन्त्रालयहरू तथा विभागहरूमा विपद् जोखिम सम्बन्धि निश्चित जिम्मेवार (Focal) व्यक्ति, शाखा वा महाशाखा तोक्ने | प्रत्येक विषयगत मन्त्रालय र विभागमा विपद् जोखिम न्यूनीकरणका लागि समर्पित एकाइ उपलब्ध भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, विभागहरू |
| ३. | विद्यालय तथा अस्पतालहरूमा विपद् जोखिम व्यवस्थापन समिति स्थापना गर्ने | विद्यालय तथा अस्पतालहरूमा प्रभावकारी विपद् जोखिम व्यवस्थापन भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ४. | प्रदेश, जिल्ला र स्थानीय तहमा आपत्कालिन कार्यसञ्चालन केन्द्र स्थापना गरी क्षमता अभिबृद्धि गर्ने | प्रदेश, जिल्ला र स्थानीय तहमा प्रभावकारी विपद् पूर्वतयारी तथा आपत्कालिन प्रतिकार्य भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ५. प्रदेश, जिल्ला र स्थानीय तहमा स्वास्थ्य आपत्कालिन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने | प्रदेश, जिल्ला र स्थानीय तहमा प्रभावकारी आपत्कालिन स्वास्थ्य सेवा उपलब्ध भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ६. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न मन्त्रालयहरूको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन सम्वन्धि संगठनात्मक संरचना सुधार तथा सुदृढीकरण गर्ने | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रभावकारी संस्थागत व्यवस्था भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| ७. प्रदेश सडक सुरक्षा परिषद गठन गरी सक्रिय बनाउने | सडक सुरक्षा क्रियाकलापहरूको अनुगमन तथा समन्वयका लागि संस्थागत व्यवस्था भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ८. मालवाहक तथा यात्रुवाहक सवारी साधनहरूको भार अनुगमन तथा नियन्त्रण संयन्त्र स्थापना गर्ने | मालवाहक तथा यात्रुवाहक सवारी साधनहरूको अत्यधिक भार अनुगमन तथा नियन्त्रण संयन्त्र स्थापना भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ९. भौतिक पूर्वाधार विकास मन्त्रालय, ट्राफिक प्रहरी र स्थानीय तहमा सडक सुरक्षा इकाई गठन गर्ने | स्थानीय तहमा सडक सुरक्षाको लागि संस्थागत व्यवस्था भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय, नेपाल प्रहरी, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |

## ४.२ कानूनी र नियामक संरचनाको निर्माण

प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को कार्यान्वयनका लागि प्रदेश विपद् व्यवस्थापन नियमावली तयार गर्नु पर्ने आवश्यकता छ । विपद् जोखिम न्यूनीकरणको लागि विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित कानूनी र नियामक संरचनाहरूको पनि विकास गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | प्रदेश विपद व्यवस्थापन ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन गर्न प्रदेश विपद व्यवस्थापन नियमावली तयार गर्ने | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन शासकीय पद्धति व्यवस्थित र सुदृढ गर्न नियमावली तयार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| २. | प्रदेश र स्थानीय तहहरूले विपद् व्यवस्थापन कार्ययोजना तयार गर्ने | प्रदेश र स्थानीय तहमा प्रभावकारी विपद् व्यवस्थापन कार्ययोजना तयार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |
| ३. | प्रदेश सडक सुरक्षा कार्ययोजना तयार गर्ने | प्रदेश सडक सुरक्षा कार्ययोजना तयार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, निजी क्षेत्र, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ४. सडक सुरक्षा परिक्षण निर्देशिका (Road Safety Audit Manual) तयार गर्ने | सडक सुरक्षा परिक्षण निर्देशिका तयार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, विश्व विद्यालयहरू, अनुसन्धान केन्द्रहरू |
| ५. सीट बेल्ट, हेलमेटको प्रयोग र सार्वजनिक यातायात सुरक्षा सम्बन्धी नियमहरूलाई कडाईका साथ लागु गर्ने र सबै सडक प्रयोगकर्ताहरूका लागि विस्तृत आचार संहिता विकास गर्ने | सडक प्रयोगकर्ताहरू सचेत र अनुशासित भै सडक दुर्घटना कम भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ६. गाउँ तथा नगरपालिकाका लागि बाढी, भूकम्प, चट्याङ्, हावाहुरी, आगलागी प्रतिरोधी प्रविधि समावेश गरी भवन निर्माण विनियम बनाउने | बाढी, भूकम्प, चट्याङ्, हावाहुरी, आगलागी प्रतिरोधी भवन निर्माणका लागि नीतिगत व्यवस्था भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ७. जोखिमयुक्त पूर्वाधारहरु (आवासीय भवन, होटेल, अपार्टमेन्ट, औद्योगिक भवन, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा, विद्यालय, अस्पताल, सामुदायिक भवन, आश्रयस्थल आदि) प्रबलीकरण (Retrofitting) को लागि निर्देशिका तयार गर्ने | जोखिमयुक्त पूर्वाधार हरुको विपद् जोखिम न्यूनीकरणको लागि प्रबलीकरण निर्देशिका उपलब्ध भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, स्थानीय सरकार, विश्वविद्यालय, ईन्जिनियरिङ् अध्ययन संस्थान |
| ८. क्षेत्रगत विकास योजनाहरुमा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गर्न निर्देशिका तयार गर्ने | विकास योजना तथा कार्यक्रममा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गर्न निर्देशिका तयार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु, नेपाल सरकारको राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ९. विपद् जोखिम प्रभाव मूल्याङ्कनलाई वातावरण संरक्षण ऐन तथा वातावरण प्रभाव मूल्याङ्कन निर्देशिकामा समावेश गर्ने | विपद् जोखिम प्रभाव मूल्याङ्कन वातावरण संरक्षण ऐन तथा वातावरण प्रभाव मूल्याङ्कन निर्देशिकामा समावेश भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १०. प्रमुख परियोजनाहरूको छनौटका लागि विपद् र जलवायु परिवर्तन जोखिम सम्बन्धी ज्ञानहरूको आधारमा विकास आयोजनाहरूको प्रारम्भिक र विस्तृत जोखिम मूल्यांकन कार्यढाँचा तयार गरी निर्देशिकाहरूमा समावेश गर्ने | प्रमुख आयोजनाहरूमा जलवायु र विपद् जोखिम प्रतिरोधी प्रविधी समावेश गर्न विस्तृत जोखिम मूल्यांकन कार्यढाँचा तयार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ११. प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रम र कार्ययोजनाहरूमा विपद् जोखिम न्यूनीकरण समावेश गर्ने | प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रम र कार्ययोजनाहरूमा विपद् जोखिम न्यूनीकरण समावेश भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रा( लयहरू, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १२. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा विशेष योगदान पुऱ्याउँने संस्था वा व्यक्तिहरूलाई पुरस्कृत गर्ने प्रणाली विकास गर्ने | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि संस्था वा व्यक्ति हरूको कार्य सम्पादनमा सुधार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १३. प्रदेश र स्थानीय तहमा आपत्कालिन कोष तथा खाद्य बैंकका लागि नियमावली र कार्य संचालन विधि तयार गर्ने | प्रदेश र स्थानीय तहमा आपत्कालिन कोष र खाद्य बैंकका लागि जवाफदेहिता सहित कार्य संचालन विधि तयार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| १४. संकटउन्मुख समूहको सुरक्षाको लागि र आपत्कालिन स्थितीमा लैङ्गिक हिंसा रोकथाम गर्न निर्देशिका तयार र कार्यान्वयन गर्ने | आपत्कालिन स्थितीमा संकटउन्मुख समूहको सुरक्षा र लैङ्गिक हिंसा रोकथामका लागी निर्देशिका तयार भै कार्यान्वयन भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १५. विपद् प्रतिकार्यमा समुदाय तहमा स्वयंसेवक परिचालनका लागि निर्देशिका बनाई लागु गर्ने | विपदको समयमा स्वयंसेवक परिचालन सहज बनाउन निर्देशिका उपलब्ध भैलागु भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १६. विपद् जोखिम न्यूनीकरण, विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि निजी क्षेत्र र गैरसरकारी संस्थाको परिचालन सम्बन्धी कार्यविधि तयार गर्ने | विपद् व्यवस्थापनमा निजी क्षेत्र र गैरसरकारी संस्थाको परिचालन प्रभावकारी र पारदर्शी भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १७. विपद्को समयमा भग्नावशेष र विभिन्न फोहर व्यवस्थापनको लागि आवश्यक निर्देशिका बनाउँने | विपद्को समयमा भग्नावशेष र फोहर व्यवस्थित गर्न निर्देशिका तयार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १८. प्रदेश, जिल्ला र स्थानीय तहका आपत्कालिन कार्यसंचालन केन्द्रहरूको कार्यसंचालन विधी तयार गर्ने | आपत्कालिन कार्यसंचालन केन्द्रहरूको कार्यसंचालन विधी अद्यावधिक भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १९. प्रदेश, जिल्ला र स्थानीय तहका स्वास्थ्य आपत्कालिन कार्य संचालन केन्द्रहरूको कार्यसंचालन विधी तयार गर्ने | प्रदेश, जिल्ला र स्थानीय तहमा स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रहरूको कार्य संचालन विधी उपलब्ध भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |
| २०. विपद् पश्चातको खोज र उद्धारलाई प्रभावकारी बनाउन मापदण्ड विकास गरी निर्देशिका बनाउने | खोज र उद्धार कार्य प्रभावकारी बनाउन निर्देशिका उपलब्ध भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, सशस्त्र प्रहरी बल, नेपाली सेना, नेपाल प्रहरी, स्थानीय सरकार |
| २१. जोखिम आँकलनको आधारमा प्रमुख नदी बेसिनमा नदी व्यवस्थापन र जलाधार संरक्षणको लागि गुरु योजना तयार गरी कार्यान्वयन गर्ने | जल उत्पन्न प्रकोप जोखिम न्यूनीकरणका लागी गुरु योजना तयार भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| २२. हरित पूर्वाधार र पारि स्थितिकी प्रणालीमा आधारित अनुकूलन (Ecosystem Based Adaptation) मार्फत विपद् जोखिम न्यूनीकरणका लागि मार्गदर्शन तयार गर्ने | हरित पूर्वाधार र पारि स्थितिकी प्रणालीमा आधारित अनुकूलन मार्फत विपद् जोखिम न्यूनीकरणका लागी मार्गदर्शन तयार भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| २३. सडक दुर्घटनामा परेका व्यक्ति, गाडी तथा अन्य वस्तुहरूको खोज तथा उद्धारका लागी कार्यविधी तयार गर्ने | सडक दुर्घटनामा परेका व्यक्ति, गाडी तथा अन्य वस्तुहरूको खोज तथा उद्धारका लागी कार्यविधी तयार भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| २४. जोखिम संवेदनशील भूउपयोग योजना कार्यान्वयनको लागि नियमन, प्रोत्साहन र निरूत्साहन व्यवस्था विकास गर्ने | सबै स्थानीय तहमा भविष्यमा बस्ती र उत्पादनमूलक प्रयोगका लागि उच्च, मध्यम तथा न्यून जोखिम क्षेत्रहरूको पहिचानको आधारमा योजनाहरू तयार भएका हुनेछन् | मध्यकालिन | प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
| --- | --- | --- | --- | --- |
| २५. निजी क्षेत्रहरुका व्यवस्थापन अभ्यासहरुमा विपद् जोखिम व्यवस्थापन एकीकृत गर्ने | निजी क्षेत्रमा विपद् जोखिम व्यवस्थापन अवलम्बन भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल उद्योग वाणिज्य महासंघ |
| २६. विपद्को समयमा पशुपन्छी हेरचाह सम्बन्धि निर्देशिका तयार गर्ने | पशुपन्छी हेरचाह सम्बन्धि निर्देशिका तयार भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

## ४.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

मुलुकको शासकीय संरचना संघीयतामा रूपान्तरण भएको अवस्थामा विपद् जोखिम व्यवस्थापनको शासकीय पद्धतिलाई संघीय ढाँचामा रूपान्तरण गर्दै संघ, प्रदेश र स्थानीय साझेदारी एवं सहकार्यको अवधारणा विकास गर्नु जरूरी छ । प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको क्षेत्रमा रहेको क्षमताको समीक्षा र मूल्यांकन गरी क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । छिमेकी प्रदेशहरूसँग विपद् जोखिम न्यूनीकरणमा सहकार्य बढाउनु आवश्यक छ । साथै विपद् जोखिम व्यवस्थापनमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु र अनुसन्धान संस्थाहरूसँग सहकार्य र साझेदारी विकास गर्नु जरूरी छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरणमा शासकीय क्षमता पहिचान गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्ने | क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन भै विपद् जोखिम शासनमा क्षमता विकास भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु, स्थानीय सरकार |

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २. | प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरणमा संलग्न सरकारी तथा गैर सरकारी निकायहरू र रेडक्रस अभियानका अंगहरूको सञ्जाल (Disaster Risk Reduction Platform) स्थापना गर्ने | सरकारी तथा गैर सरकारी निकायहरूको सञ्जाल स्थापना भै विपद् जोखिम न्यूनीकरणमा सबै तहमा सरोकारवालाहरूको व्यापक सहभागिता भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, अनुसन्धान संस्थाहरु |
| ३. | जलवायु तथा विपद् जोखिम प्रभाव मूल्याङ्कन विधी सम्बन्धि तालिम संचालन गर्ने | तालिम संचालन भै जलवायु तथा विपद् जोखिम प्रभाव मूल्याङ्कनगर्ने जनशक्तिको विकास भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरु, संयुक्त राष्ट्र संघ, दातृ निकायहरु तथा अन्य सरोकारवालाहरु सँग सहकार्य गर्ने | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा ब्यापक सहकार्य भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरू, राजनीतिक दल तथा भातृ संगठनहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरु, संयुक्त राष्ट्र संघ, दातृ निकायहरु तथा अन्य सरोकारवालाहरु |
| ५. विपद् व्यवस्थापनमा संघ, प्रदेश, जिल्ला र स्थानीय तह बीच सहयोग, सहकार्य र समन्वय प्रवर्धन गर्ने | संघ, प्रदेश, जिल्ला र स्थानीय तह बीच सहयोग, सहकार्य र समन्वयले विपद् व्यवस्थापन प्रभावकारी भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु |

## ४.४ विपद जोखिम न्यूनीकरणमा समावेशीताको सुनिश्चितता

महिला, बालबालिका, ज्येष्ठ नागरीक, अपाङ्ग र आर्थिक तथा सामाजिक रुपले सीमान्तकृत समुदाय र व्यक्तिहरु सबैभन्दा बढी जोखिममा रहेका र विपद्बाट सबैभन्दा बढी प्रभावित हुने गरेका छन् । विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका विभिन्न प्रक्रियामा यी समूहहरुको पहुँच, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता बृद्धि गरी समावेशीताको सुनिश्चितता गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. विपद् जोखिम व्यवस्थापनका सम्पूर्ण प्रक्रियाहरुमा लैङ्गिक संवेदनशील र समावेशी पद्धति लागु गर्ने | प्रत्येक क्षेत्रले लैङ्गिक संवेदनशील र समावेशी विपद् जोखिम व्यवस्थापन पद्धति अवलम्बन गरेको हुनेछ | निरन्तर | प्रदेश सरकारका सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |
| २. विपद जोखिम व्यवस्थापनका कार्यक्रम र नीति निर्माणमा जोखिममा रहेका नागरिक र जनताको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिताको लागि स्थानीय स्तरमा सामाजिक परिचालनका कार्यक्रमहरू संचालन गर्ने | विपद जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा सामाजिक परिचालनका कार्यक्रमहरू संचालन भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, राजनीतिक दल तथा भातृ संगठनहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३. समाजका सीमान्तकृत समूह, महिला, अपाङ्ग, बाल-बालिका, किशोर किशोरी तथा वृद्ध-वृद्धाहरु जस्ता अतिसंकटउन्मुख समूहहरुका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रमहरुको विकास गरी संचालन गर्ने | विशेष कार्यक्रमहरु संचालन भै महिला, बालबालिका, किशोर किशोरी, वृद्ध वृद्धा, अपाङ्ग र संकटउन्मुख समुदायको विपद् जोखिम न्यूनीकरण भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु, स्थानीय सरकार, गैर सरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |

अध्याय ५

# रणनीतिक क्षेत्र ३ - विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन

# रणनीतिक क्षेत्र ३ - विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन

व्यक्ति, समुदाय र मुलुककै भौतिक, आर्थिक, सामाजिक, स्वास्थ्य र सांस्कृतिक उत्थानशीलताको अभिवृद्धिका निमित्त संरचनात्मक र गैरसंरचनात्मक उपायहरु मार्फत विपद् जोखिम नियन्त्रण र न्यूनीकरणका लागि निजी र सार्वजनिक लगानी महत्वपूर्ण रही आएको छ । यस्तो लगानीले विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताको प्रवर्धन मात्र होइन पूर्वाधार विकास, उत्पादन वृद्धि र रोजगारीको सिर्जना पनि गर्दछ । यस्ता उपायहरु विपद्पछिको स्थितिमा शीघ्र पुनर्लाभ र पुनःस्थापनाका दृष्टिले पनि महत्वपूर्ण हुन्छन् । वन जंगल, जलश्रोत तथा जमीन जस्ता सम्पदाहरूको संरक्षण र विद्यालयहरु, स्वास्थ्य सुविधाहरु, सरकारी तथा निजी पूर्वाधारहरु जस्ता संरचनागत सम्पदाहरूको प्रवलीकरणले विपद् उत्थानशीलता बृद्धि गर्छन् । जोखिम हिस्सेदारी, गरीवी निवारण, आय आर्जन र जीविकोपार्जनका उपायहरूको प्रवर्धन जोखिम न्यूनीकरण र उत्थानशीलताको प्रवर्धनका लागि महत्वपुर्ण मानिन्छन् ।

विपद् जोखिम वीमाको प्रचलन नेपालमा प्रारम्भिक अवस्थामा रहेको छ । जोखिम र क्षतिपूर्तिका क्षेत्रमा अन्यत्र प्रयोगमा आएका प्रणालीहरु (जस्तौ-लघुबीमा, आरक्षित कोष, जोखिमको समूहकरण र सामाजिक परिचालन, लघुवित्त प्रणाली, सामाजिक सुरक्षा आदि) नेपालमा स्थापित हुन नसकेकाले गरीब र सीमान्तकृत परिवार र समूहहरु बढी जोखिममा छन् । विपद् उत्थानशीलता अभिबृद्धि गर्न विभिन्न प्रकारका वित्तीय संयन्त्रहरु, जस्तै बार्षिक बजेट विनियोजन, आकस्मिक कोष तथा बीमा संयन्त्र प्रयोग गर्न सकिन्छ ।

यस रणनीतिक क्षेत्रले विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी **लगानी प्रवर्धन**, जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत **उत्थानशीलता** बृद्धि गर्ने

कुराहरु सम्बोधन गर्नेछ । यस रणनीतिक क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकताप्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

## ५.१ उत्थानशीलता बृद्धिमा सार्वजनिक लगानी प्रवर्धन

भौतिक पूर्वाधारहरु, शैक्षिक तथा स्वास्थ्य संरचनाहरु, प्राकृतिक श्रोतहरु, जीविकोपार्जनका उपाय र शीपहरु, उत्पादन कार्यमा प्रयोग हुने औजार, सम्पत्ति र लगानीहरु हरेक विपद्बाट प्रभावित हुने गरेका छन् । गरीब, निमूखा, भूमिहीन, सीमान्तकृत, ज्याला मजदुरीमा आश्रित व्यक्ति र परिवारको जीविकोपार्जनलाई प्रत्येक प्रकोपले दीर्घकालीन रुपमा क्षति पुऱ्याएर नेपालमा विपद् संकटउन्मुखतामा बृद्धि भैरहेको छ । सार्वजनिक सेवा, जीविकोपार्जनका साधनहरु तथा भौतिक पूर्वाधारहरुको निर्माण र प्रबलीकरणमा लगानी बृद्धि गरी उत्थानशीलता प्रबर्द्धन गर्न सकिन्छ । विपद् जोखिम आँकलनको आधारमा वार्षिक तथा आवधिक योजनाहरुको तर्जुमा गरी विपद् जोखिम न्यूनीकरणका लागि सार्वजनिक निकायहरुले पर्याप्त बजेटको व्यवस्था गर्नु जरुरी छ । संघ देखि स्थानीय तहसम्म विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि कोषको व्यवस्था गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. महिला, बालबालिका तथा अन्य पिछडिएका समुदायहरुको रुचि तथा आवश्यकता बमोजिम उनीहरुको जीवनस्तर वृद्धि गर्नको लागि रोजगारी, सीप विकास तथा स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्न लगानी गर्ने | संकटउन्मुख समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरू, विकास साभेदार |
| २. विपद् जोखिम क्षेत्रका आर्थिक रुपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहले उत्पादन गरेको वस्तु तथा सेवाको बजारसम्म पहुँच बढाउने कार्यक्रम संचालनको लागि लगानी गर्ने | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारका भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरू, विकास साभेदार |
| ३. विपद् जोखिम क्षेत्रमा सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारमा विशेष ध्यान दिने | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरू, विकास साभेदार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ४. आपत्कालिन समयमा अत्यावश्यक सेवा र संरचनाको पहिचान गरी तिनको संरचनागत र संचालनात्मक निरन्तरताको लागि स्रोत जुटाइ प्रवलीकरण र विकल्पहरूको स्पष्ट योजना बनाउँने | आपत्कालिन अत्यावश्यक सेवा र संरचनाहरू विपद् उत्थानशील योजनाहरू भएका हुनेछन् | अल्पकालिन | प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ५. मनसून पूर्व ढल तथा जल निकास मार्गहरू सफाई गर्ने | बाढी उत्थानशीलताका लागि ढल तथा जल निकास मार्गहरू सफाई गर्ने कार्यमा बृद्धि भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ६. सवारी साधनहरूमा सुरक्षा प्रावधानहरूलाई बढावा दिन कर छुट लगायतका वित्तिय प्रोत्साहनहरू दिने | सवारी साधनहरूमा सुरक्षा प्रावधानहरू भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ७. सबै विषयगत मन्त्रालयहरूले कम्तिमा पाँच प्रतिशत बार्षिक बजेट विपद् जोखिम न्यूनीकरणका लागि छुट्याउँने व्यवस्था गर्ने | विपद् जोखिम न्यूनीकरणका लागि क्षेत्रगत रूपमा लगानी सुनिश्चित भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ८. सडक निर्माण लागतको कम्तिमा दश प्रतिशत रकम सडक सुरक्षाका लागि छुट्याउँने व्यवस्था गर्ने | सडक दुर्घटना जोखिम न्यूनीकरणका लागि लगानी सुनिश्चित भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |
| ९. प्रदेश तथा स्थानीय तहहरूले विपद् जोखिम न्यूनीकरणका कार्यक्रम तथा वजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी वजेट प्रणाली अनुसरण गर्ने | लैङ्गिक उत्तरदायी वजेट प्रणाली अनुसरणगरी विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |
| १०. सबै विषयगत मन्त्रालयहरूले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई वार्षिक कार्यक्रममा समावेश गरी पर्याप्त बजेटको व्यवस्था गर्ने | विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागी बजेटको व्यवस्था भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ११. पैदल यात्रीहरूले सडक पार गर्ने संरचनाहरू (Overpasses, Underpasses) निर्माण गर्ने | सडक दुर्घटना उत्थानशीलताका लागि सडक पार गर्ने संरचनाहरू (Overpasses, Underpasses) निर्माण भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १२. सम्भावित दुर्घटना हुने सडकहरूमा Video surveillance, Safety-barriers, Steel guard-rails, Road-humps, Rumble strips, Reflective road-markings, Signals आदिको निर्माण गर्ने | सडक दुर्घटना उत्थानशीलताका लागि विभिन्न संरचनाहरू निर्माण भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १३. देशका सम्पूर्ण विद्यालयहरूलाई सबैभन्दा मजबुत संरचनाको रूपमा निर्माण, पुनः निर्माण र प्रबलीकरण गरी सुरक्षित आपत्कालिन आवाशीय सेवा समेत प्रदान गर्न सक्ने गरी क्षमता अभिवृद्धि गर्ने | विद्यालयहरू विपद् उत्थानशीलता तर्फ अग्रसर भएका हुनेछन् | मध्यकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १४. ऐतिहासिक तथा सांस्कृतिक सम्पदा भवन र स्थलहरूको संरक्षण र मर्मतसम्भार गर्ने | ऐतिहासिक तथा सांस्कृतिक सम्पदा भवन र स्थलहरू विपद् उत्थानशील भएका हुनेछन् | मध्यकालिन | प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १५. सम्भाव्य जोखिमयुक्त हिमतालहरूमा हिमताल विस्फोटन जोखिम न्यूनीकरण गर्न लगानी बृद्धि गर्ने | हिमताल विस्फोटन बाट हुने जोखिम न्यूनीकरण भै उत्थानशीलता बृद्धि भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १६. विद्यमान ताल, सिमसार तथा पोखरीहरूको संरक्षण गर्ने, नयाँ पोखरीहरूको निर्माण गरी पानी संरक्षण र वर्षाको पानी संकलन गर्ने तथा पानी उपयोगमा कुशल प्रविधी विकास गर्ने | बाढी, खडेरी तथा आगलागी क्षति कम भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १७. बन जङ्गलहरूमा अग्नी रेखा निर्माण गर्ने | आगलागी क्षति कम भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १८. प्रदेश र स्थानीय तहमा स्थानीय श्रोतमा आधारित हरित संरचनाको प्रवर्धन गर्ने | हरित संरचनाको निर्माणले विपद् तथा जलवायु परिवर्तन उत्थानशीलता विकास भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १९. किसान कल्याणकारी कोषको स्थापना गर्ने | किसान कल्याणकारी कोषको स्थापना भै किसानहरुको विपद् उत्थालशीलता बृद्धि भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| २०. प्रदेश र स्थानीय तहमा वातावरणीय क्षयीकरण र विपद्-जोखिम घटाउन बैकल्पिक ऊर्जाको प्रवर्धन गर्ने | बैकल्पिक ऊर्जाको प्रयोगले विपद् तथा जलवायु परिवर्तन उत्थानशीलता विकास भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| २१. अस्पतालहरुको र समग्र स्वास्थ्य सेवाको आपत्कालीन उपचार क्षमता अभिवृद्धि गर्ने | स्वास्थ्य सेवामा विपद् उत्थानशीलताका लागि आपत्कालीन उपचार क्षमता अभिवृद्धि भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| २२. विपद् जोखिम न्यूनीकरणका लागि नमूना विद्यालयहरुको स्थापना गर्ने | शिक्षा क्षेत्रमा विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| २३. मुख्य, सहायक र भित्री मार्ग र राजमार्गहरुको आपत्कालिन रणनीतिक महत्व पहिचान गरी तिनको जोखिम र विपद् सहनशीलताको मुल्यांकन गरी प्रवलीकरण गर्ने । बैकल्पिक मार्गको स्पष्ट पहिचान, प्राथमिकीकरण र निर्माण गर्ने | यातायात प्रणाली विपद् उत्थानशीलता तर्फ अग्रसर भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| २४. विद्यमान विमानस्थलहरु लाई संरचनात्मक र संचालनात्मक हिसाबले क्षमता अभिवृद्धि र प्रवलीकरण गर्ने | विमानस्थलहरू विपद् उत्थानशीलता तर्फ अग्रसर भएका हुनेछन् | दीर्घकालिन | प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| २५. जोखिमयुक्त पूर्वाधारहरू (विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना, सरकारी तथा सार्वजनिक भवनहरू, ऐतिहासिक सम्पदा र सांस्कृतिक धरोहरहरू, जलविद्युत गृह, विद्युतीय सबस्टेशन, हाईड्रोलिक संरचना आदि) को प्रबलीकरण गर्ने | जोखिमयुक्त पूर्वाधारहरू सुरक्षित भएका हुनेछन् | दीर्घकालिन | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू | स्थानीय सरकार |
| २६. जोखिमयुक्त निजी आवास, होटेल, सपिङ्ग मल, व्यवसायिक तथा औद्योगिक भवनहरू प्रबलीकरणको लागि कम ब्याज दरमा ऋण, कर छुट आदिद्वारा प्रोत्साहन गर्ने | निजी संरचनाहरू सुरक्षित भएका हुनेछन् | दीर्घकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| २७. सरकारी कार्यालयहरू, सामुदायिक भवनहरू, विद्यालयहरू, अस्पतालहरू र आश्रयस्थलहरू बालबालिका, बृद्धबृद्धा तथा अपाङ्ग मैत्री बनाउँने | बालबालिका, बृद्धबृद्धा तथा अपाङ्गहरूको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| २८. जीवकोपार्जनका वैकल्पिक विधिहरू, बाढी प्रतिरोधी कृषि प्रणाली, बाढी प्रतिरोधी खाद्य तथा बिउ भण्डारण आदि प्रोत्साहन गर्ने | जीवकोपार्जनका साधनहरूमा विपद् उत्थानशीलता विकास भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| २९. जलवायु स्मार्ट (Climate Smart) कृषि प्रबर्धन गर्ने | कृषिमा जलवायु जोखिम कम भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| ३०. बाढी तथा पहिरो जोखिम न्यूनीकरणका लागि संरचनागत प्रविधि (जस्तै तटबन्ध, जलाशय, चेक बाँध, भिरालो जमिन सुदृढीकरण, आकार परिमार्जन, सतह क्षयिकरण नियन्त्रण, जलनिकास सुधार आदि) र गैर संरचनागत प्रविधि (जस्तै जैविक बाँध, वृक्षरोपण, वन संरक्षण, जलाधार संरक्षण आदि) प्रोत्साहन गर्ने | बाढी तथा पहिरो जोखिम न्यूनीकरण भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३१. जलवायु स्मार्ट गाउँ तथा शहरहरु विकास गर्ने | गाउँ तथा शहरहरुमा जलवायु जोखिम कम भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ३२. शहरी ढल निकास प्रणाली निर्माण गर्ने तथा विद्यमान ढल निकास प्रणालीको स्तरोन्नती गर्ने | शहरी बाढी जोखिम न्यूनीकरण भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

## ५.२ विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्धन

ब्यापार, व्यवसाय तथा उद्योगहरूमा विपद् जोखिम निर्धारणको आधारमा व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्नु पर्ने आवश्यकता छ । निजी क्षेत्र, बैंक, सहकारी तथा सामुदायिक संस्थाहरूले विपद् जोखिम न्यूनीकरणका लागि लगानी गर्ने सहज व्यवस्था गर्नु जरूरी छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. साना ब्यापार तथा उद्योगहरूलाई विपद्को समयमा व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने | व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन भै विपद्को समयमा समेत निजी व्यवसायिक क्षेत्रहरु संचालन भएका हुनेछन् | अल्पकालिन | प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल उद्योग वाणिज्य महासंघ, निजी क्षेत्र |
| २. विपद् जोखिम न्यूनीकरण गतिविधिहरूमा निजी क्षेत्रको स्रोत परिचालनलाई बढावा दिन कर छुट गरी प्रोत्साहनको व्यवस्था गर्ने | पूर्वाधार सम्बन्धी विपद् जोखिम न्यूनीकरणका लागि निजी लगानी उपलब्ध भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३. | विपद् जोखिम न्यूनीकरणका लागि वैकल्पिक तथा सृजनशील आर्थिक साधनहरू (Innovative Financial Instruments) जस्तै पूर्वानुमानमा आधारित लगानी (Forecast Based Financing), साना लगानी, लघु ऋण, बीमा, पुनर्बीमा आदिको विकास तथा प्रवर्धन गर्ने | वैज्ञानिक तथ्याङ्कको आधारमा मानवीय कोष परिचालन भएको हुनेछ साथै विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको संलग्नता अभिवृद्धि भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल राष्ट्र बैंक, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, निजी क्षेत्र |
| ४. | विपद् प्रभावित व्यक्ति तथा समुदायहरूलाई लघुवित्त, निर्ब्याजी ऋण, ससर्त नगद स्थानान्तरण आदिको व्यवस्था स्थापित गर्ने | विपद् प्रभावित व्यक्ति तथा समुदायहरूको विपद् पुनर्लाभ बृद्धि भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल राष्ट्र बैंक, सहकारीहरू |
| ५. | व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) कार्यक्रम मार्फत विपद् पश्चातको पुनर्लाभ र पुर्ननिर्माणमा निजी लगानी बृद्धि गर्ने | पुनर्लाभ र पुर्ननिर्माणमा निजी लगानी बृद्धि भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ६. विश्व सम्पदा, राष्ट्रिय र स्थानीय सम्पदामा पर्ने भवन र स्थानहरूको पुर्ननिर्माणका लागि सार्वजनिक निजी स्रोत परिचालन प्रणालीको विकास गर्ने | सम्पदा भवन र स्थानहरूको पुर्ननिर्माणका लागि सार्वजनिक निजी स्रोत उपलब्ध भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ७. विपद् जोखिम न्यूनीकरणमा संयुक्त सार्वजनिक निजी लगानी प्रवर्धन गर्ने | विपद् जोखिम न्यूनीकरणमा निजी लगानी उपलब्ध भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ८. बैंक, सहकारी तथा सामुदायिक संस्थाहरू (वन उपभोक्ता समिती, दुग्ध उत्पादन सहकारी संस्था) मार्फत विपद् जोखिम न्यूनीकरणमा लगानीको लागि सहज व्यवस्था गर्ने | विपद् जोखिम तथा क्षति कम भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, सामुदायिक वन उपभोक्ता महासंघ, गरीबी निवारण कोष, स्थानीय सरकार |
| ९. महत्वपूर्ण पूर्वाधारहरू र सम्पदा भवनहरूको पुनर्निर्माणका लागि द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय स्रोतहरूको परिचालन गर्ने | महत्वपूर्ण पूर्वाधारहरू र सम्पदा भवनहरूको पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय स्रोत लगानी उपलब्ध भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, विकास साझेदारहरू |

## ५.३ जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

कृषि तथा पशु बीमा, लघु बीमा, आकस्मिक कोष, निम्न व्याजदर ऋण योजना जस्ता जोखिम हिस्सेदारी विधीहरुको विकास गर्नु जरुरी छ । सामाजिक सुरक्षाका कार्यक्रमहरु यथेष्ट भए पनि विभिन्न भौगोलिक क्षेत्रहरुमा ती कार्यक्रमको पहुँच असमान छ । सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई विपद् उत्थानशीलतासँग जोड्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | विपद् संकटउन्मुख समूह र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न ब्यक्ति तथा समुदायको जीवन बीमाको व्यवस्था गर्ने | विपद् संकटउन्मुख समूह र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न ब्यक्ति तथा समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, नेपाल इन्स्युरेन्स संघ, स्थानीय सरकार |
| २. | कृषि तथा पशु बीमामा जोखिम हिस्सेदारी प्रबर्धन गर्ने | कृषि र पशुपालन क्षेत्रको लागि उपयुक्त बीमा ब्यवस्थाको प्रबर्धन भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, नेपाल इन्स्युरेन्स संघ, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३. कृषिमा बढ्दो विपद् (बाढी, खडेरी, शीतलहर) जोखिम र खाद्य असुरक्षाको चुनौतिलाई सम्बोधन गर्न कृषि बीमा, कृषक लाभ कार्यक्रम र खाद्य तथा बिउ भण्डार हरुको स्थापना गर्ने | कृषि क्षेत्रको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, नेपाल इन्स्युरेन्स संघ, स्थानीय सरकार |
| ४. जीवन बीमा, सवारी साधन बीमामा तेस्रो पार्टि कवरेज बीमा प्रणाली लागू गर्ने | सडक दुर्घटनाका लागि विपद् जोखिम बीमा उपलब्ध हुनेछ | अल्पकालिन | प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, नेपाल इन्स्युरेन्स संघ, स्थानीय सरकार |
| ५. समुदायमा आधारित, योगदानमा आधारित लघु बीमा, पशु बीमा, खेती बीमा, कृषक आरक्षित कोष, जोखिमको समूहकरणको योजनाहरु विकास गर्ने र लागू गर्ने | समुदायमा आधारित विभिन्न स्वरूपमा विपद् जोखिम बीमा योजना उपलब्ध भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, नेपाल इन्स्युरेन्स संघ, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ६. विपद् जोखिम हिस्सेदारी (जस्तै लघु बीमा, आकस्मिक कोष, निम्न ब्याजदर ऋण योजना) लगायतका कार्यक्रममा निजी क्षेत्रको सहभागिता र लगानीलाई आकर्शित गर्न सार्वजनिक निजी साझेदारीलाई प्रवर्धन गर्ने | जोखिम हिस्सेदारीमा सार्वजनिक निजी साझेदारीको लागि नीतिगत व्यवस्था भै कार्यान्वयन भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय, नीति तथा योजना आयोग | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, नेपाल इन्स्युरेन्स संघ, लघुवित्त संस्था, स्थानीय सरकार |
| ७. जीविकोपार्जनका आधार, सीप, औजार र लगानीलाई विपद्को अवस्थाबाट जोगाउन योगदानमा आधारित बीमा प्रणालीलाई विस्तार गर्ने | जीविकोपार्जनका उपायहरूको बीमा मार्फत विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, नेपाल इन्स्युरेन्स संघ, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ८. गरीब, भूमिहीन र सीमान्तकृत घर परिवारको एकीकृत अभिलेख प्रणालीको विकास गरी गरीबीको रेखा मुनीका घर परिवारलाई विपद् प्रभावित भएको खण्डमा स्वत: बीमा लाभग्राही हुने व्यवस्था गर्ने | गरीबीको रेखामुनीका घर परिवारहरूको बीमा मार्फत विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, नेपाल इन्स्युरेन्स संघ, स्थानीय सरकार |
| ९. लक्षित वर्ग, लक्षित समुदाय र लक्षित भौगोलिक क्षेत्रको समाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरूमा पहुँच र लाभग्रहणको स्थितिको समिक्षा गरी यस्तो कार्यक्रमलाई विपद् उत्थानशीलतासँग जोड्ने | समाजिक सुरक्षा कार्यक्रम मार्फत विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १०. सार्वजनिक भवनहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरू (हाइड्रोलिक संरचना, सम्पदा भवन, पुल, खानेपानी तथा ढल निकास प्रणाली, जलविद्युत संरचना, नहर, ट्रान्समिशन लाइन, सबस्टेशन, विमानस्थल) को विपद् जोखिम बीमा गर्ने | विपद् जोखिम बीमा प्रभावकारी भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू | बीमा समिति, राष्ट्रिय बीमा संस्थान, नेपाल इन्स्युरेन्स संघ, स्थानीय सरकार |

अध्याय ६

# रणनीतिक क्षेत्र ४ - प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुर्ननिर्माणमा “अझ राम्रो र बलियो निर्माण” का लागि विपद् पूर्वतयारीको सुदृढीकरण

# रणनीतिक क्षेत्र ४ - प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुर्ननिर्माणमा 'अझ राम्रो र बलियो निर्माण' का लागि विपद् पूर्वतयारीको सुदृढीकरण

विपद् पूर्वतयारी बढाउन तथा पुनर्लाभ, पुनःस्थापना र पुनर्निमाणमा "अझ राम्रो र बलियो निर्माण" का लागि यस रणनीतिक क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकताप्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

## ६.१ प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

विपद् पूर्वतयारीका लागि स्थानीय तहको संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकता छ । विद्यमान आपत्कालिन कार्य संचालन केन्द्रहरुलाई सुदृढ गर्ने र प्रदेश देखि स्थानीय तहसम्म आपत्कालिन कार्यसंचालन केन्द्रहरु विस्तार गरी संचालन गर्नु जरुरी छ । प्रदेश तथा स्थानीय तहमा भण्डारण गृहहरु स्थापना गरी पर्याप्त मात्रामा खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामाग्रीहरु र उद्धार उपकरणहरुको भण्डारण गर्नु पर्ने आवश्यकता छ । आम सञ्चार र सूचना प्रविधिको प्रयोग विपद् चेतना अभिवृद्धि, पूर्वसूचना प्रणाली, विपद् पूर्वतयारी तथा प्रतिकार्यको क्षेत्रमा गर्नु पर्ने आवश्यकता छ । विपद् सूचनामा संकटउन्मुख समूहको पहुँच बृद्धि गर्ने विशेष प्रकारको संचार तथा प्रसार विधि अनुसरण गर्नु पर्ने आवश्यकता छ । विपद् पश्चात खोज र उद्धार (Search and Rescue) कार्यमा तीनवटै सुरक्षा निकाय संलग्न हुने गरेकोले उक्त कार्यको जिम्मेवारी एकीकृत गर्नु पर्ने अवस्था छ । विपद्का घटनापछि स्वतःस्फूर्त रुपमा आउने जागरुकता, मानवीय सहयोगको भावना र राहत सहयोगको एकीकृत प्रयोगको लागि र विपद् पश्चात राहतको संकलन र परिचालनमा दोहोरोपना आउन नदिन एक कार्यसंचालन विधी (Standard Operating Procedure) तर्जुमा गरी लागु गर्नु पर्ने आवश्यकता छ । आपत्कालीन परिस्थितिमा काम गर्नसक्ने अभ्यस्तताको विकासको निमित्त समय-समयमा गरीरहनु पर्ने पूर्वाभ्यासका कामहरु निरन्तर गर्न जरुरी छ । आगलागी, वनडढेलो जस्ता प्रकोपहरु निरन्तर हुने गरकोले आगलागी नियन्त्रणका लागि तालिम प्राप्त श्रोत साधनयुक्त सेवाको प्रत्याभूति गर्नु आवश्यक छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. पूर्वानुमानमा आधारित आपत्कालिन पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रदेश, जिल्ला र स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने | प्रदेश, जिल्ला र स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |
| २. प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा निकासी मार्ग (Evacuation Route) र भेला हुने स्थान (Area of Assembly) छुट्याई रेखाङ्कन र सिमाङ्कन गर्ने | सार्वजनिक भवन तथा स्थलहरू विपद् प्रतिकार्यका लागि पुर्वतयार भएका हुनेछन् | अल्पकालिन | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू | स्थानीय सरकार, निजी क्षेत्र |
| ३. स्थानीय तहहरूमा पर्याप्त मात्रामा मानव तथा पशुपन्छी आश्रयस्थलहरू स्थापना गर्ने | स्थानीय स्तरमा विपद्को समयमा आश्रयको निम्ति सुरक्षित स्थानहरू उपलब्ध भएका हुनेछन् | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ४. सामुदायिक सूचना केन्द्रहरु स्थापना गर्ने | विपद् जोखिम बारे समुदाय सुसूचितभएका हुनेछन् | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु, राजनीतिक दल तथा भातृ संगठनहरू |
| ५. आमसंचार र आधुनिक सूचना प्रविधि (मुद्रण, रेडियो, टेलिभिजन, सामाजिक नेटवर्क, एसएमएस, मोबाइल फोन) लाई विपद् जोखिम सचेतना अभिवृद्धि र पूर्वसूचना प्रणालीसँग व्यवस्थित रूपले जोड्न संस्थागत, नीतिगत र कार्यक्रमिक साझेदारीको विकास गर्ने | विपद् जोखिम जानकारी र पूर्वसूचना प्रणालीमा आमसंचार र आधुनिक सूचना प्रविधिको प्रभावकारी प्रयोग भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, रेडियो नेपाल, एफएम रेडियोहरु, नेपाल टेलिभिजन, नेपाल दुरसंचार प्राधिकरण, एन सेल, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु |
| ६. स्थानीय समुदायको आवश्यकता र उपयुक्तता अनुसार संचार तथा प्रसार विधि (जस्तै रेडियो, टिभी, फोन, एसएमएस, साईरन, आवाज, सूचना वाहक, झण्डोत्तोलन) अनुसरण गर्ने | स्थानीय स्तरमा प्रभावकारी संचार तथा प्रसार भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ७. संकटउन्मुख समूह (निरक्षर, दृष्टि विहीन, बहिरा) का लागि विशेष प्रकारको संचार तथा प्रसार विधि अनुसरण गर्ने | विपद् सूचनामा संकटउन्मुख समूहको पहुँच बृद्धि भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| ८. राहत संकलन र परिचालनमा दोहोरोपना आउँन नदिन कार्यविधी बनाई एकद्वार प्रणाली अवलम्बन गर्ने | विपद् प्रतिकार्यमा एकरूपता तथा पारदर्शिता भएको हुनेछ र दोहोरोपना हट्नेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| ९. स्थानीय तहमा समुदायमा आधारित खोज र उद्धार टोली स्थापना गर्ने | स्थानीय तहमा खोज र उद्धार टोली स्थापना भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १०. वडा स्तरमा तालिम प्राप्त प्रथम उद्धारकहरू (First Responders) तयार गर्ने | वडा तहमा प्रथम उद्धारकहरूको टोली स्थापना भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |
| ११. प्रमुख राजमार्ग, शहरी तथा ग्रामीण सडकहरू सगै रहेका एम्बुलेन्स सेवाहरूको सञ्जाल बनाउने | विपद्को समयमा एम्बुलेन्स सेवा सहज उपलब्ध भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु |
| १२. सडक दुर्घटनाको उपचारमा प्रत्येक स्तर (प्राथमिक, माध्यमिक र उच्च) का स्वास्थ्य कर्मीहरूलाई दक्षता बृद्धिको लागि तालिम प्रदान गर्ने | सडक दुर्घटनाको उपचारमा स्वास्थ्य कर्मीहरुको क्षमता अभिबृद्धि भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १३. सशस्त्र प्रहरी वल, नेपाली सेना र नेपाल प्रहरीका प्रदेश र जिल्ला स्तरिय इकाईहरुमा खोज र उद्धार टोली स्थापना गरी आवश्यक उपकरण तथा तालिम प्राप्त जनशक्तिको व्यवस्था गर्ने | सशस्त्र प्रहरी वल, नेपाली सेना र नेपाल प्रहरी खोज र उद्धारको लागि सक्षम भएका हुनेछन् | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, सशस्त्र प्रहरी वल, नेपाली सेना, नेपाल प्रहरी | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु |
| १४. खोज र उद्धार (SAR) टोलीको एकीकृत नेतृत्व स्थापित गरी त्यसलाई अन्तर्राष्ट्रिय खोज तथा उद्धार सल्लाहकार समूह (International Search and Rescue Advisory Group) को मापदण्ड बमोजिम विकास गर्ने | खोज र उद्दारको एकीकृत नेतृत्व स्थापित भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, सशस्त्र प्रहरी वल, नेपाली सेना, नेपाल प्रहरी | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारको गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय सरकार |
| १५. विपद्बाट प्रभावित व्यक्ति तथा समुदायलाई मानवीय सहायता उपलब्ध गराउँदा आधारभूत मानवीय मापदण्ड (Core Humanitarian Standard) को अनुसरण गर्ने, गराउने | मानवीय सहायता गुणस्तरिय भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १६. आधुनिक सूचना प्रविधिको प्रयोग गरी विपद् हानि र क्षतिको द्रुत आँकलन विधी विकास गर्ने र विपद् क्षतिको अलग-अलग (Disaggregated) तथ्याङ्क संकलन गर्ने | द्रुत आँकलन विधी प्रयोग भै आपत्कालिन प्रतिकार्य कुशल र प्रभावकारी भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १७. विपद् पश्चात आपत्कालिन रुपमा शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको प्रबन्ध गर्ने कार्य सुनिश्चित गर्ने | विपद पश्चात शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको आपत्कालिन व्यवस्था भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १८. विपद् पश्चात सरकारी तथा गैरसरकारी क्षेत्रहरुबाट प्रदान गरीने राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरुमा संकटउन्मुख र सिमान्तकृत वर्गको प्राथमिकता र पहुँचमा बृद्धि सुनिश्चित गर्ने | राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरुमा सिमान्तकृत वर्गको पहुँच भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल तथा भातृ संगठनहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १९. विभिन्न तह (प्रदेश, जिल्ला, स्थानीय, समुदाय) तथा क्षेत्र (विद्यालय, अस्पताल) मा प्रभावकारी पूर्वतयारी तथा प्रतिकार्यका लागि नियमित रूपमा कृत्रिम घटना अभ्यास गर्ने | कृत्रिम घटना अभ्यास भै पूर्वतयारी तथा प्रतिकार्य प्रभावकारी भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरु |
| २०. आगलागी नियन्त्रण क्षमता अभिवृद्धि गर्न एकीकृत अग्नी नियन्त्रक समूह खडा गरी श्रोत, साधन र तालिम मार्फत क्षमता अभिवृद्धि गर्ने | आगलागी नियन्त्रण क्षमता अभिवृद्धि भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल वारुण यन्त्र, नेपाल अग्नि नियन्त्रक स्वयंसेवक संघ, रेडक्रस अभियानका अंगहरु |
| २१. आपत्कालिन संचार प्रणालीका साथै रसद सुविधाहरु स्थापना गर्ने | प्रदेश स्तरमा सुविधाहरु स्थापना भै प्रभावकारी प्रतिकार्य भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| २२. जल, थल, हवाई लगायतका यातायात सेवा तथा बन्दोवस्ती व्यवस्थापन संयन्त्रको भरपर्दो व्यवस्था गर्ने र दुर्गम क्षेत्रहरूसँगको पहुँच बढाउँने | प्रभावकारी बन्दोवस्ती व्यवस्थापन भै सेवाहरू प्राप्त भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरु |
| २३. सुरक्षित पदयात्रा प्रणालीको अवधारणा अनुरूप प्रदेशका विभिन्न पर्टकीय गन्तव्यहरूमा विपद् जोखिम कम गर्न आवश्यक संचार सुविधा, आवासको व्यवस्था लगायतका पूर्वाधार र संरचनाको विकास गर्ने | पर्टकीय गन्तव्यहरूमा संचार सुविधा, आवासको व्यवस्था भै विपद् जोखिम कम भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल पर्यटन विकास बोड, पर्यटन व्यवसायी महासंघ, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| २४. उच्च हिमाली क्षेत्रमा हुने पर्वतारोहण र ट्रेकिङ समेतको लागि विपद् व्यवस्थापन र उच्च शिखर शिक्षालय तथा उद्धार केन्द्रको स्थापना गर्ने | उच्च स्थानको पर्वतारोहण र ट्रेकिङमा विपद् जोखिम कम भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| २५. प्रमुख शहरहरूमा घाईते हेरचाह केन्द्रहरू (Trauma Care Centres) स्थापना गर्ने | घाईते उपचारका लागि पर्याप्त सुविधा उपलब्ध भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल रेडक्रस सोसाईटी |
| २६. विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि संचार तथा प्रसार प्रणालीको प्रभावकारीता बढाउन आधुनिक विज्ञान तथा प्रविधि (Web Portal, Mobile Apps, SMS-CB, IVR) को उपयोग र प्रवर्धन गर्ने | उन्नत संचार तथा प्रसार प्रणाली उपलब्ध तथा प्रयोग भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| २७. प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् व्यवस्थापन वेब पोर्टल स्थापना गर्ने | प्रदेश र स्थानीय तहमा वेब पोर्टल मार्फत विपद् जोखिम तथा क्षतिको जानकारी भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| २८. पुन:स्थापना र पुनर्निर्माणका लागि आधुनिक सूचना प्रविधि उपयोग गरेर द्रुत आँकलन प्रणाली विकास गर्ने | विपद् क्षतिको जानकारी तुरून्त उपलब्ध भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| २९. विपद् पश्चात आवश्यक सामाजिक परामर्श र मानसिक स्वास्थ्यको प्रवर्धन गर्न तालिम प्राप्त र दक्ष मानवीय श्रोतको विकास गर्ने | सामाजिक परामर्श र मानसिक स्वास्थ्यको प्रवर्धनको लागि दक्ष मानवीय श्रोत उपलब्ध भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, विश्वविद्यालय, नेपाल रेडक्रस सोसाइटी |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३०. प्रभावकारी प्रतिकार्यका लागि क्षेत्रगत कार्यसमूह अवधारणा (Cluster Approach) लाई सुदृढीकरण गर्ने | क्षेत्रगत कार्यसमूहको परिचालनबाट प्रभावकारी प्रतिकार्य भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरु |
| ३१. महिला, बालबालिका, बृद्धबृद्धा, किशोर किशोरी र अपाङ्ग ब्यक्तिहरूको खोज, उद्धार र प्रतिकार्यको क्रममा सुरक्षा र अन्य विशेष आवश्यकताहरूको ब्यवस्था गर्ने | विपद्‌को समयमा संकटउन्मुख समूहको सुरक्षा भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३२. सामुदायिक संस्थाहरु (बाल क्लब, युवा क्लब, आमा समूह, वरिष्ट नागरीक मञ्च, नागरीक सरोकार केन्द्र, वन उपभोक्ता समिती आदि) को विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिबृद्धि गर्ने | सामुदायिक संस्थाहरुको विपद प्रतिकार्य क्षमता विकास भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु, स्थानीय सरकार, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरु |
| ३३. प्रदेश, जिल्ला तथा स्थानीय तहमा खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामाग्रीहरु र उद्धार उपकरणहरुको गोदाम घर वा भण्डारण गृह स्थापना गर्ने | विपद् संवेदनशील महत्वपूर्ण स्थानहरुमा राहत तथा उद्धार सामग्रीहरुको भण्डारण गृह उपलब्ध भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघीय संस्थाहरु, मानवीय सहयोग संस्थाहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३४. प्रदेश, जिल्ला तथा स्थानीय तहका भण्डारण गृहहरूमा आपत्कालिन उद्धार सामाग्रीहरु तथा उपकरणहरु (डुङ्गा, लाइफ ज्याकेट, दमकल, एम्बुलेन्स, स्ट्रेचर आदि) र राहत सामाग्रीहरु जस्तै महिला, सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग तथा बिरामीहरूका लागि आवश्यक पर्ने विशेष खाद्य, पेय तथा अखाद्य सामाग्रीहरु, औषधि, सरसफाईका सामान, सहायक उपकरणहरु, बीउबिजन, पशुपन्छीका दानाहरु आदि पर्याप्त मात्रामा भण्डारण गर्ने | विपद् संवेदनशील महत्वपूर्ण स्थानहरूमा राहत तथा उद्धार सामग्रीहरु उपलब्ध भएका हुनेछन् | दीर्घकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघीय संस्थाहरु, मानवीय सहयोग संस्थाहरु |

## ६.२ विपद पूर्वतयारीको लागि बहुप्रकोप पूर्व सूचना प्रणालीको विकास

विद्यमान पूर्वानुमान तथा पूर्वसूचना प्रणालीको सुदृढीकरण र प्रमुख प्रकोपहरूका लागि पूर्वसूचना प्रणाली स्थापना गर्नु आवश्यक छ । प्रमुख प्रकोपहरूको पूर्वानुमानका लागि सम्बन्धित संगठन र संस्थाहरूको क्षमता अभिबृद्धि गर्नु जरूरी छ । पूर्वसूचना सन्देश प्राप्त भइ सके पछि चाल्नु पर्ने कदमहरु बारे चेतनामूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता छ । पूर्वसूचना प्रणाली सञ्चालनका लागि कार्य सञ्चालन विधी तयार गरी विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारीको बारेमा स्पष्ट पार्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. प्रमुख प्रकोपहरूको तथ्याङ्क विश्लेषण र पूर्वानुमान गरी पूर्वसूचनामूलक सन्देशहरूको उत्पादन तथा प्रसारण गर्ने | पूर्वसूचनामूलक सन्देशहरु उत्पादन तथा प्रसारण भएका हुनेछन् | निरन्तर | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, जलश्रोत तथा सिंचाई विभाग, वन तथा भूसंरक्षण विभाग, स्वास्थ्य सेवा विभाग/ स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्र, खानी तथा भूगर्भ विभाग, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| २. हरेक सडक सञ्जालका दुर्घटनाग्रस्त खण्डमा पूर्व सूचना प्रणालीको लागि आवश्यक चिन्हहरू तथा उपकरणहरू राख्ने | दुर्घटनाग्रस्त सडकहरुमा पूर्व सूचनाको लागी आवश्यक चिन्हहरू तथा उपकरणहरू भएको हुनेछ | निरन्तर | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| ३. पूर्वसूचना सन्देश प्राप्त भइ सके पछि विभिन्न प्रकारका प्रकोपहरुका सम्बन्धमा चाल्नु पर्ने कदमहरु बारे चेतनामूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | पूर्वसूचना सन्देश प्राप्त भइ सके पछि उपयुक्त कार्यहरू गरीने सुनिश्चित भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, विभाग, जलश्रोत तथा सिंचाई विभाग, वन तथा भूसंरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ४. पूर्वसूचना प्रणाली सञ्चालन र विभिन्न प्रकोप व्यवस्थापनमा संलग्न संस्थाहरुबीच पूर्वसूचना सम्प्रेषण सम्बन्धी प्रक्रियालाई मार्गदर्शन गर्ने कार्य सञ्चालन विधी (Standard Operating Procedure) तयार गर्ने | पूर्वसूचना प्रणाली सञ्चालनको लागि कार्यविधी उपलब्ध भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, विभाग, जलश्रोत तथा सिंचाई विभाग, वन तथा भूसंरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ५. पूर्वसूचना प्रणालीमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, आदिवासी र संकटउन्मुख समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने | पूर्वसूचना प्रणाली समावेशी भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, विभाग, जलश्रोत तथा सिंचाई विभाग, वन तथा भूसंरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ६. ज्येष्ठ नागरीक र आदिवासीहरूको वर्षौ देखिको ज्ञान, सीप, अनुभव र परम्परागत अभ्यासलाई पूर्वसूचना प्रणालीमा सदुपयोग गर्ने | पूर्वसूचना प्रणालीमा मौलिक ज्ञान र अनुभव समेटिएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, विभाग, जलश्रोत तथा सिंचाई विभाग, वन तथा भूसंरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ७. पूर्वसूचना प्रणालीलाई विपद् जोखिम व्यवस्थापन सम्बन्धि तालीम तथा शैक्षिक कार्यक्रमको पाठ्यक्रममा समावेश गर्ने | पूर्वसूचना प्रणालीका बारेमा अध्ययन अध्यापन भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, विश्वविद्यालयहरू, शैक्षिक संस्थाहरू, तालीम केन्द्रहरू, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| ८. प्रदेश एवम् स्थानीय स्तरमा सबै सार्वजनिक भवनहरू, विद्यालयहरू, अस्पतालहरु तथा महत्वपूर्ण पूर्वाधारहरूमा धुँवा डिटेक्टर र आगलागी अलार्मको विकास र जडान गर्ने | आगलागीको पूर्वसूचनाले क्षति कम भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ९. संकटउन्मुख लक्षित समुदायहरु (महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, आदिवासी, दलित, विपन्न) को लागि पूर्वसूचना प्रणाली बारे जानकारीमूलक सामाग्रीहरुको (पुस्तिका, पर्चा, सूचनापत्र, विद्युतीय सन्देश इत्यादि) तयारी गर्ने | लक्षित समुदायहरु पूर्वसूचना प्रणाली बारे जानकार भएका हुनेछन् | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, विभाग, जलश्रोत तथा सिचाई विभाग, वन तथा भूसंरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १०. कार्यशाला, गोष्ठी र आम सञ्चार माध्यमहरूद्वारा पूर्वसूचना प्रणालीबारे सचेतना कार्यक्रमहरूको सञ्चालन गर्ने | पूर्वसूचना प्रणालीबारे सचेतना बृद्धि भएको हुनेछ | निरन्तर | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, विभाग, जलश्रोत तथा सिंचाई विभाग, वन तथा भूसंरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ११. पूर्वसूचना प्रचारप्रसार तथा प्रतिकार्यको प्रभावकारिता सम्बन्धमा नियमित परीक्षण तथा अभ्यासहरु सञ्चालन गर्ने | पूर्वसूचना प्रचार प्रसार तथा प्रतिकार्यको प्रभावकारिता परीक्षण भएको हुनेछ | निरन्तर | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, विभाग, जलश्रोत तथा सिंचाई विभाग, वन तथा भूसंरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |

## ६.३ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्धन

प्रभावकारी विपद् पूर्वतयारी र प्रतिकार्यका लागि विपद् जोखिम, प्रकोप र संकटउन्मुखताको बारेमा समुदायमा काम गर्ने, सचेतना बढाउने, जनतालाई हरदम सुसूचित राख्ने र परिचालन गर्न सक्ने समुदायमा आधारित संस्थागत संरचनाहरूको स्थापना, विस्तार र त्यसको सञ्जालिकरण गर्नु आवश्यक छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | विद्यमान समुदायमा आधारित विपद् व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने | विपद् जोखिम न्यूनीकरणमा समुदायहरू सशक्तिकरण भएका हुनेछन् | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | नेपाल सरकारका संघीय मामिला तथा सामान्य प्रशासन तथा सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, गैर सरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरू |
| २. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूको स्थापना, विस्तार र त्यसको सञ्जालिकरण गर्ने | समुदायमा आधारित संस्थाहरूको स्थापना, विस्तार र त्यसको सञ्जालिकरण भै स्थानीय स्तरमा प्रभावकारी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका काममा स्थानीय सरोकार, चासो र सहभागिताको प्रत्याभूतिका लागि समुदायमा आधारित समूहहरु (टोल विकास संस्था, वडा नागरिक मञ्चहरू, नगरिक सचेतना केन्दहरू, आमा समूह, युवा क्लव, बाल क्लव), स्थानीय गैरसरकारी संस्थाहरु र नागरीक समूहहरु (ज्येष्ठ नागरीक मञ्च) सँग साझेदारीको विकास गर्न स्थानीय निकाय र गैरसरकारी संस्था बीच सहकार्यको लागि निर्देशिका बनाई लागू गर्ने | स्थानीय निकाय र स्थानीय सामुदायिक तथा गैरसरकारीसंस्थाबीचको साझेदारीमा विपद् जोखिम व्यवस्थापन र न्यूनीकरणका काममा स्थानीय सरोकार र चासो सम्बोधन भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, गैरसरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ४. समुदायमा आधारित, तालिम प्राप्त, पूर्व अभ्यासशील स्वयंसेवक हरूको प्रथम उद्दारक संयन्त्रको विकास र क्षमता अभिवृद्धि गर्ने | समुदायमा तालिम प्राप्त प्रथम उद्दारक स्वयंसेवकहरू उपलब्ध भएका हुनेछन् | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |
| ५. विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूका कार्यक्रम र नीति निर्माणमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग र संकटउन्मुख समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने | समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समावेशी भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ६. स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन योजना र कार्यविधि तयार गर्ने | स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनमा उत्तरदायित्व स्थापित भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय सरकार | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु |

## ६.४ पुनर्लाभ, पुन:स्थापना र पुनर्निर्माणमा 'अझ राम्रो र बलियो निर्माण' अवधारणा प्रवर्धन

विपद् पश्चात अझ राम्रो र बलियो पुन: निर्माण र पुन: स्थापनाका लागि स्तरीय निर्माण सामाग्रीको प्रयोग गर्ने र संरचनाहरूलाई जोखिम प्रतिरोधक बनाउने संस्कृतिको विकास गर्नु पर्नेछ । निर्माण कार्यमा संलग्न व्यवसायी तथा प्राविधिकहरुको क्षमता अभिबृद्धि गर्नु आवश्यक छ । विपद् जोखिमको आधारमा जमिनको वर्गिकरण गरी उच्च जोखिमयुक्त क्षेत्रमा संरचना निर्माणमा रोक लगाउनु जरूरी छ । 'अझ राम्रो र बलियो निर्माण' का लागि आधुनिक प्रविधि सम्बन्धि अनुसन्धान र विकास गर्नु आवश्यक छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. विपद् प्रभावित परिवारको पुनर्वास र पूर्वाधारको पुनर्स्थापनाका लागि पुनर्वास निर्देशिका तयार पारी कार्यान्वयन गर्ने | पुनर्वास र पूर्वाधारको पुनर्स्थापनाका लागि निर्देशिका तयार भई कार्यान्वयन भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारको शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| २. पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि निर्देशिका तयार गर्ने | 'अझ राम्रो र बलियो निर्माण" का लागि निर्देशिका उपलब्ध भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारको शहरी विकास मन्त्रालय, जल तथा ऊर्जा आयोग सचिवालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्थानीय सरकार |
| ३. पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा विपद् जोखिम न्यूनीकरणका कार्यहरूलाई समावेस गर्ने | भविष्यमा विपद् जोखिम कम भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारको शहरी विकास मन्त्रालय, स्थानीय सरकार |
| ४. पुनःस्थापना र पुनः निर्माणमा स्थानीय श्रोत, साधन, श्रम, प्रविधि, ज्ञान तथा सीपको विकास र उपयोग गर्ने | पुनःस्थापना र पुनः निर्माण मितब्ययी तथा दिगो भएको हुनेछ | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारको शहरी विकास मन्त्रालय, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ५. विपद् प्रभावित क्षेत्रमा भौतिक पूर्वाधार जस्तै बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिको पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरु र बाल बालिकाको विशेष आवश्यकताको सम्बोधन गर्ने | भौतिक पूर्वाधार जस्तै बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिमहिला, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरु र बालबालिका मैत्री भएका हुनेछन् | अल्पकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारको गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय सरकार |
| ६. भवन निर्माण, प्रवलीकरण र मर्मतसम्भारका बारेमा तालिम पुस्तिका र जानकारी, शिक्षा तथा संचार (Information, Education and Communication) का सामग्रीको विकास र वितरण गर्ने | भवन निर्माण, प्रवलीकरण र मर्मतसम्भारका बारेमा क्षमता सामग्रीको विकास र वितरण भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल सरकारको शहरी विकास तथा भवन निर्माण विभाग, विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान, स्थानीय सरकार |

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७. | विपद् जोखिम न्यूनीकरण र पुनर्निर्माणमा 'अझ राम्रो र बलियो निर्माण' तथा जलवायु परिवर्तन अनुकूलनका लागि निर्माण प्रविधि, सामाग्री, पूर्वाधारहरुको डिजाइन र व्यवस्थापन सम्बन्धी अनुसन्धान तथा विकास गर्ने | नयाँसुधारिएको प्रविधिको बिकासले 'अझ राम्रो र बलियो निर्माण" भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान, नेपाल सरकारको शहरी विकास तथा भवन निर्माण विभाग, जलश्रोत तथा सिंचाई विभाग, स्थानीय सरकार |
| ८. | भूकम्प, बाढी, चट्याङ्ग, हावाहुरी, आगलागी जस्ता प्रकोप प्रतिरोधी अझै राम्रो पुनर्निर्माणका लागि ईन्जिनियर, निर्माणकर्मी, डकर्मी, सिकर्मी, ठेकेदार र आपूर्तिकर्ताको तालिम र चेतनामूलक कार्यक्रम मार्फत क्षमता अभिबृद्धि गर्ने | झनै राम्रो पुनर्निर्माणका लागि क्षमता अभिबृद्धि भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल निर्माण व्यवसायी महासंघ |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ९. राष्ट्रिय एवं स्थानीय स्तरमा रहेका रेडियो, टेलिभिजन, छापा र अनलाईन मिडिया मार्फत भूकम्प, बाढी, चट्याङ्ग, हावाहुरी, आगलागी जस्ता प्रकोप प्रतिरोधी निर्माण विधि र विपद् जोखिम न्यूनीकरण बारे जनचेतनामूलक कार्यक्रम तयार गरी सञ्चालन गर्ने | प्रकोप प्रतिरोधी निर्माण विधि र विपद् जोखिम न्यूनीकरण बारे जनचेतना बृद्धि भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, मिडियाहरु |
| १०. पुनः निर्माणमा भूकम्प, बाढी, चट्याङ्ग, हावाहुरी, आगलागी जस्ता प्रकोप प्रतिरोधी निर्माण विधी अवलम्बन गर्ने | संरचनाहरू प्राकृतिक प्रकोप प्रतिरोधी भएको हुनेछ | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल निर्माण व्यवसायी महासंघ |
| ११. पुनः निर्माणमा "अझ राम्रो र बलियो निर्माण" तथा हरित विकासको सिद्धान्त अवलम्बन गर्ने | पुनः निर्माण गरीएका संरचनाहरू अझ बलियो र वातावरण मैत्री भएका हुनेछन् | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल निर्माण व्यवसायी महासंघ |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १२. पूर्वाधार र भवनहरुको पुनर्निर्माणमा निर्माण संहिताको पालना गराउने र निर्माण सामग्रीको गुणस्तर सुनिश्चित गर्ने, यसका लागि संयुक्त अनुगमनको व्यवस्था मिलाउने | पुनः निर्माण गरीएका संरचनाहरु अझ बलियो भएका हुनेछन् | मध्यकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार, नेपाल निर्माण व्यवसायी महासंघ |
| १३. भू-उपयोग नीतिलाई परिमार्जन गरी जमिनको वर्गिकरण गर्दा प्रकोप जोखिम र संकटउन्मुखता लाई एउटा आधारको रुपमा ग्रहण गर्ने व्यस्था गर्ने र उच्च जोखिमयुक्त क्षेत्रमा वस्ती विकास, ठूला संरचना निर्माण र उद्योग खोल्न प्रतिवन्ध लगाउने | जमिनको वर्गिकरण विपद् जोखिमको आधारमा भएको हुनेछ र उच्च जोखिमयुक्त क्षेत्रमा संरचना निर्माण भएका हुनेछैन | मध्यकालिन | प्रदेश सरकारका भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १४. आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई कम जोखिम क्षेत्रमा पुनर्वास गराउँने | पुनर्वास गरीएका बस्तीहरु विपद् जोखिम बाट सुरक्षित भएका हुनेछन् | मध्यकालिन | प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १५. उच्च जोखिम क्षेत्रका बस्तीहरु कम जोखिम क्षेत्रमा सार्ने | उच्च जोखिम क्षेत्रका बस्तीहरु विपद् जोखिम बाट सुरक्षित भएका हुनेछन् | दीर्घकालिन | प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |
| १६. पुनर्निर्माण गर्दा भौतिक पूर्वाधारहरूको योजना सहित एकीकृत बस्ती विकास गर्ने | योजनाबद्ध बस्ती विकासले अझ राम्रो पुनर्निर्माण भएको हुनेछ | दीर्घकालिन | प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू, स्थानीय सरकार |

अध्याय ७

# रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

# रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

यस रणनीतिक कार्ययोजनाको प्रभावकारी तथा दक्षतापूर्ण कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था निम्न प्रकारले गरीनेछ:

१. संघ र प्रदेश सरकारको औपचारिक श्रोत बाँडफाँड प्रक्रिया

क) विषयगत मन्त्रालय वा विभागहरूको नियमित बजेट

ख) विषयगत मन्त्रालय वा विभागहरूमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमको लागि बजेट

ग) प्रमुख विपद् घटनापछि पुनर्लाभ र पुर्ननिर्माणका लागि हरेक मन्त्रालयमा विशेष बजेटको व्यवस्था

घ) प्रमुख विपद् घटनापछि अन्य आयोजनाको बजेटबाट सोहि विषयगत क्षेत्रको लागि पुनर्लाभ र पुर्ननिर्माणमा उपयोग गर्ने गरी 'बजेट रकमान्तर' गर्ने व्यवस्था

२. स्थानीय तहको सार्वजनिक व्यय व्यवस्थापन

क) स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमको लागि बजेट

ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा उपलब्धिमा आधारित अनुदान

ग) विपद् जोखिम न्यूनीकरणको अतिरिक्त व्ययभारको लागि थप अनुदान

३. नियामक प्रक्रियाबाट प्राप्त श्रोत

क) शहरी र क्षेत्रिय योजना, जग्गा प्लटिङ्ग र अन्य भौतिक तथा पर्यावरणीय योजना नियमन

ख) निर्माण नियमहरू, निर्माण संहिता र निर्माण उद्योग लाइसेन्सका शर्तहरू

ग) खरिद सम्झौताका शर्तहरू

घ) शैक्षिक पाठ्यक्रम र सार्वजनिक सूचना अभियानमा प्राप्त विज्ञापन शुल्क

ª) बीमा, बैकिË कारोबार र कर्जाका शर्तहरू

च) सम्पत्तिको मूल्याङ्कन र खरिद बिक्री दस्तुर

छ) प्राकृतिक श्रोतसाधनहरू (वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, गिटी, बालुवा, खानी तथा खनिज, माछा आदि) बाट प्राप्त रोयल्टी

४. संघ, प्रदेश, स्थानीय तथा सामुदायिक तहमा समर्पित "विपद् व्यवस्थापन कोष"

५. निजी संस्थाहरू, नेपाल उद्योग वाणिज्य महासंघ, सहकारी, बैक, वित्तीय संस्था तथा वीमा कम्पनीहरूको लगानी

६. विकास साझेदारहरू (द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरू) बाट सहयोग

७. बीमा सुविधाहरूको व्यापक कवरेज र पहुँचमा सहजताका साथै विपद् पश्चातको दावीहरूको द्रुत फर्छ्यौट

८. भवन निर्माण संहिताको पालना र अझ राम्रो निर्माण तथा हरित विकास अवधारणामा आधारित प्रवलीकरणका लागि कर प्रोत्साहन

९. विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका गतिविधिहरूको वित्तपोषणका लागि पेट्रोलियम उत्पादनहरूमा कर र लेभी

१०. व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) र अन्य पहलहरु मार्फत निजी क्षेत्रबाट सहायता

११. अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु एवं रेडक्रस अभियानका अंगहरूबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम बजेट

१२. विश्व जलवायु लगानी संयन्त्र, हरित जलवायु कोष

१३. विकास साझेदारहरु जस्तै एसियाली विकास बैंक, विश्व बैंकबाट विकास सहायता

अध्याय ८

# रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन

# रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन

विपद् जोखिम न्यूनीकरणका लागि सरकार तथा सरकारी एवं गैर सरकारी सरोकारवालाहरूको साझा प्रयासको आवश्यकता पर्दछ । विपद् जोखिम न्यूनीकरण विकास प्रक्रियाको एक भाग भएकोले सरकारका सबै विकाससँग सम्बन्धित निकायहरूले सहकार्य र समन्वय गरेर काम गर्नु आवश्यक छ । विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरु आवधिक योजना तथा कार्यक्रममा एकीकृत गर्न र प्रगति नियमित अनुगमन गर्न जरुरी छ । प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरु अवलम्बन गरीनेछन् ।

१. यस कार्ययोजनाको योजनाबद्ध कार्यान्वयनका लागि आवधिक तथा वार्षिक योजना तर्जुमा गरी लागु गरीनेछ साथै कार्ययोजनालाई परियोजनाको रूपमा विस्तृतीकरण गरी लागु गरीनेछ ।

२. विषयगत मन्त्रालय तथा विभागहरूको कार्यक्रम तर्जुमा एवँ कार्यान्वयन गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ ।

३. विपद् जोखिम न्यूनीकरण सम्बन्धि आयोजना तथा कार्यक्रम निरन्तर कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बहुबर्षीय कार्यक्रम र बजेटको तर्जुमा गरी श्रोत व्यवस्थापन गरीनेछ ।

४. यस कार्ययोजनाको कार्यान्वयन तथा व्यवस्थापन पद्धतीमा सुधार गर्नका लागि सम्बन्धित विषयगत मन्त्रालय तथा विभागहरूको संगठन तथा व्यवस्थापन अध्ययन गरी सो को प्रतिवेदन अनुसार विषयगत मन्त्रालय तथा विभागहरूको पुनः संरचना गरीनेछ ।

५. यस कार्ययोजना कार्यान्वयनको लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ । साथै क्षेत्रगत रणनीति तथा कार्ययोजनाहरूलाई यस कार्ययोजनासँग सामन्जस्य हुने गरी परिमार्जन गरीनेछ ।

उत्थानशील समुदायको निर्माणमा संघ, प्रदेश र स्थानीय तहका संस्थाहरूको निर्दिष्ट र विशिष्ट भूमिका रहेको हुनाले ती संस्थाहरूको गुणात्मक एवम् परिमाणात्मक कार्यसम्पादनमा नै विपद् जोखिम न्यूनीकरण कार्ययोजनाको कार्यान्वयन र यसको प्रभावकारिता भर पर्दछ । यसको लागि विभिन्न स्तरमा अनुगमनको आवश्यकता पर्दछ ।

विपद् पश्चात गरीने पुर्ननिर्माण कार्यलाई **"अझै राम्रो र बलियो निर्माण"** मार्फत भविष्यमा हुन सक्ने विपद् जोखिमको न्यूनीकरण सँग जोड्नु जरूरी छ । प्रदेश स्तरमा रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन "वार्षिक प्रतिवेदन र अनुगमन प्रणाली" मार्फत गरीनेछ । प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ अनुसार गठित **प्रदेश विपद् व्यवस्थापन निर्देशक समितिले** प्रदेश स्तरमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको प्रगतिको **नियमन, समन्वय, अनुगमन तथा मूल्याङ्कन** गर्नेछ ।

प्रभावकारी पूर्वतयारीले विपद् प्रतिकार्यलाई चुस्त दुरूस्त बनाउनुका साथै जनधनको क्षतिलाई कम गर्न महत्वपूर्ण भूमिका खेल्छ । यसर्थ विपद् प्रतिकार्यलाई पूर्वतयारीसँग जोड्न जरूरी छ । प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ अनुसार गठित **कार्यकारी समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्यको समन्वय र सहजीकरण** गर्नेछ ।

यी उच्च स्तरीय समितिहरूको बैठक कम्तीमा बर्षको एकपटक बसी रणनीतिक कार्ययोजना कार्यान्वयनको वार्षिक प्रगतिको समीक्षा गर्नेछन् । जिल्ला र स्थानीय तहमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समन्वय सम्बन्धित जिल्ला र स्थानीय तहमा गठित विपद् व्यवस्थापन समितिहरूले गर्नेछन् ।

सिद्धान्ततः स्वतन्त्र र निष्पक्ष मूल्यांकनका लागि तेस्रो पक्षद्वारा पनि अनुगमन गर्नुपर्ने हुन्छ । यसका लागि छोटो अवधिको लागि परामर्शदाता नियुक्त गरेर तेस्रो पक्षको अनुगमन अवधारणालाई मूर्त रूप दिइनेछ ।

रणनीतिक कार्य योजना हरेक पाँच वर्षमा पुनरावलोकन गरीनेछ । परिवर्तित अवस्था अनुसार सान्दर्भिक बनाउन आवश्यकता अनुसार रणनीतिक कार्य योजना अद्यावधिक गरीनेछ । रणनीतिक कार्य योजना अद्यावधिक गर्नको लागि सबै सम्बद्ध निकायहरु सहभागी हुनेछन् । रणनीतिक कार्य योजना निम्न अवस्थामा अद्यावधिक गरीनेछ:

- संघीय र प्रदेश सरकारको कानून र नीति परिवर्तन भएमा
- विश्वव्यापी संरचना र विकासक्रमसँग तालमेल मिलाउनु आवश्यक भएमा
- प्रमुख विपद् घटना पछिको सिकाईलाई समेट्न जरूरी भएमा
- पाँच वर्ष समीक्षाको निष्कर्ष र सिफारिसहरूका आधारमा

यो रणनीतिक कार्य योजना प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ५(क) बमोजिम प्रदेश विपद् व्यवस्थापन निर्देशक समितिबाट मिति २०७६।११।१२ मा स्वीकृत भै लागु गरिएको छ ।

**प्राविधिक तथा प्रकाशन सहयोग :**


संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम
पोस्ट बक्स : १०७
काठमाडौं, नेपाल
फोन नं ९७७-१-५५२३२००
फ्याक्स : ९७७-१-५५२३९९१, ५५२३९८६
Email: registry.np@undp.org